का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ जेठ २०७९,
आइतबार
15 May 2022,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नै

वर्ष २०, अंक ९९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

प्रारम्भिक नतिजा

# कांग्रेस मुख्य शक्ति

देशका बिभिन्न ठाउँबाट स्थानीय तह प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र वडा सदस्यहरुको चुनावी नतिजा आउन शुरु भएको छ । प्रारम्भिक नतिजाले नेपाली कांग्रेसलाई मुख्य शक्तिका रुपमा देखाएको छ ।

## निर्वाचित पदाधिकारी

**मनाङ**, नार्सों गाउँपालिका
- प्रमुख : धनबहादुर गुरुङ
- उपप्रमुख : बेदबहादुर गुरुङ

**मनाङ**, नार्पा भूमि गाउँपालिका
- प्रमुख : कोन्जो तेन्जीङ लामा
- उपप्रमुख : मेङमर फुन्चो लामा

**मनाङ**, चामे गाउँपालिका
- प्रमुख : कोन्जो तेन्जीङ लामा
- उपप्रमुख : मेङमर फुन्चो लामा

**मनाङ**, ङिस्याङ गाउँपालिका
- प्रमुख : एमालेका लोकेन्द्रबहादुर घले
- उपप्रमुख : मिङमार लामा (स्वतन्त्र)

**डोल्पा**, जगदुल्ला गाउँपालिका
- प्रमुख : नरसिंह रोकाया

**डोल्पा**, से फोक्सुण्डो गाउँपालिका
- प्रमुख : टसी तुण्डुप गुरुङ

**मुस्ताङ**, वाराङ्ग मुक्तिक्षेत्र गाउँपालिका
- प्रमुख : रिङजीन नामगेल गुरुङ
- उपप्रमुख : ढिकी गुरुङ

**मुस्ताङ**, लोघेकर दामोदरकुण्ड गाउँपालिका
- प्रमुख : लोप्साङ छोम्पेल विष्ट

**मुस्ताङ**, घरपझोङ गाउँपालिका
- प्रमुख : मोहन सिंह लालचन

**गुल्मी**, रेसुङ्गा नगरपालिका
- प्रमुख : खिलध्वज पन्थी

**डोल्पा**, काइके गाउँपालिका
- प्रमुख : अंगद कुमार राना

**डोल्पा**, छर्का ताङसोङ गाउँपालिका
- प्रमुख : सोनाङ गुरुङ



*बुटवल उपमहानगरपालिकाको चुनावी नतिजा कुर्दै कांग्रेस नेतृत्वको गठबन्धनका समर्थकहरु । तस्बिर : रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३१ वैशाख ।

निर्वाचन आयोगका अनुसार ७५३ पालिकामध्ये ८५ स्थानीय तहको मतदान स्थगित भएको छ । निर्विरोध निर्वाचित भएका बाहेका ठाउँमा मतदान भएर मतगणना जारी छ । शनिवार साँझसम्म आएको अन्तिम चुनावी परिणम र जारी मतगणनाको अग्रताले नेपाली कांग्रेसलाई प्रमुख शक्तिको रुपमा देखाएको छ भने एमाले दोस्रो र माओवादी केन्द्रलाइ तेस्रो शक्तिका रुपमा देखाएको छ । तर, यो परिणाम अन्तिम नतिजा आउँदासम्म फेरबदल हुन सक्छ । मनाङका सबै पालिकाको अन्तिम मतपरिणाम आएको छ। मनाङमा नेकपा एमालेले २ र कांग्रेसले २ पालिकामा जित हासिल गरेका छन् ।

मनाङको नार्सों गाउँपालिका अध्यक्षमा नेपाली कांग्रेस विजयी भएका छन् । कांग्रेसबाट धनबहादुर गुरुङ ८२० मत ल्याई निर्वाचित भएका हुन् । उपाध्यक्षमा माओवादीका बेदबहादुर गुरुङ ९१३ मत प्राप्त गरेका छन् ।

अध्यक्षमा एमालेका मनबहादुर गुरुङ ६४६ मत प्रप्त गरेका छन् । उपप्रमुख स्वतन्त्रबाट अर्विन गुरुङले ४९६ मत ल्याए । नार्पा भूमि गाउँपालिकामा नेपाली कांग्रेसका कोन्जो तेन्जीङ लामाले १५८ मत ल्याई विजयी भएका छन् । उपाध्यक्षमा एमालेका मेङमर फुन्चो लामा निर्विरोध निर्वाचित भए ।

मनाङकै चामे गाउँपालिकामा एमालेका लोकेन्द्रबहादुर घले ३२० ल्याएर विजयी भए। उपप्रमुखमा मिङमार ढोमा लामा ३२५ मतल्याई विजयी भएका छन् ।

डोल्पाको जगदुल्ला गाउँपालिका डोल्पाको अध्यक्षमा माओवादी केन्द्र)का नरसिंह रोकाया विजयी भएका छन् । ६२२ मत ल्याएर विजय भएका रोकायाका प्रतिद्वन्द्वी एमालेका हेमबहादुर महताराले ५८५ भोट ल्याए ।

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्षमा एमालेका उम्मेदवार रिङजीन नामगेल गुरुङ विजयी भएका छन्। उनी ८ सय ७६ मतसहित निर्वाचित भएका हुन् । उनका निकटम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका आङ्जेन गुरुङले ५ सय ७७ मत प्राप्त गरेका छन् ।

उपाध्यक्षमा पनि नेकपा एमालेकै ढिकी गुरुङ निर्वाचित भएकी छिन्। उनले नेपाली कांग्रेसकी धेच आङमो गुरुङलाई पछि पार्दै विजयी भएकी हुन्। ढिकीले ७ सय ४९ मत प्राप्त गर्दा आङमोले ६ सय ७७ मत पाएकी छन् ।

मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकामा एमालेका लोप्साङ छोम्पेल विष्ट विजयी भएका छन्। उनका प्रतिस्पर्धी नेकपा समाजवादीका देवबहादुर गुरुङ १८५ मत प्राप्त गरेका छन्। २०७४ मा विष्ट स्वतन्त्र रुपमा निर्वाचित भएका थिए ।

मुस्ताङकै घरपझोङ गाउँपालिकामा नेपाली कांग्रेसका मोहन सिंह लालचन विजयी भएका छन् । लालचनले एमालेका सञ्जयकुमार थकालीलाई २ मतको झिनो अन्तरले पराजित गरे । लालचनले ७६० मत ल्याउँदा थकालीले ७५८ मत ल्याए ।

डोल्पाको से फोक्सुण्डो गाउँपालिकामा यसअघिनै एमालेका टसी तुण्डुप गुरुङ निर्विरोध निर्वाचित भइसकेका छन् ।

डोल्पाको काइके गाउँपालिका अध्यक्षमा एकीकृत समाजवादीका अंगद कुमार राना निर्विरोध हुँदा डोल्पाकै छर्का ताङसोङ गाउँपालिकामा नेकपा एकीकृत समाजवादीकै सोनाङ गुरुङ निर्विरोध भएका छन् ।

## शहरमा स्वतन्त्र उम्मेद्वारको क्रेज !

काठमाडौं महानगरपालिकासहित धरान, धनगढी, जनकपुरमा स्वतन्त्र उम्मेदवारले सुरुवाती अग्रता लिएका छन् । समाजसास्त्रीहरु यसलाई समाज र नागरिकमा रहेको दलहरुप्रतिको असन्तुष्टीका रुपमा व्याख्या गर्छन् ।









**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३१ वैशाख ।

स्थानीय तहको चुनाव देशभर अन्तर्गत मतगणना जारी छ। सुरुवाती परिणामले शहरमा स्वतन्त्र उम्मेद्वारको क्रेज देखाएको छ। काठमाडौं महानगरपालिका सहित धरान, धनगढी, जनकपुरमा स्वतन्त्र उम्मेदवारले सुरुवाती अग्रता लिएका छन् ।

संघीय राजधानी समेत रहेको उपत्यको काठमाडौं महानगरपालिकाको सुरवाती नतिजामा स्वतन्त्र उम्मेदवार बालेन्द्र साहले अग्रता लिएका छन्। साहलाई एमालेका केशव स्थापित र कांग्रेसका सिर्जना श्रेष्ठले पछ्याइरहेका छन्

धनगढी उपमहानगर पालिकामा स्वतन्त्र उम्मेद्वार गोपाल हमालले अग्रता लिएका छन्। उनलाई कांग्रेसका नृपबहादुर वड र एमालेका रणबहादुर चन्दले चुनौती दिइरहेका छन् ।

धरान उपमहानगर पालिकामा पनि स्वतन्त्र उम्मेदवार हर्क साम्पाङले अग्रता लिएका छन्। उनलाई कांग्रेसका किशोर राईल र एमालेकी मञ्जु भण्डारीले पछ्याइरहेका छन्

जनकपुर उपमहानगर पालिकामा स्वतन्त्र उम्मेदवारी दिएका मनोजकुमार साहले अग्रता लिएका छन् । उनलाई पँच दलीय सत्तागठबन्धनका उम्मेदवार लालकिशोर साह र जनता समाजवादी पार्टी (जसपा) का लालकिशोरले चुनौती

– बाँकी पृष्ठ २ मा



शहरमा स्वतन्त्र उम्मेदवारको क्रेज देखिनुका पछाडि राजनीतिक दल र नेताहरुप्रतिको असन्तुष्टी हो । तर, यसलाई दलीय व्यवस्थाविरुद्ध प्रकट भएको मतका रुपमा भने लिन हुन्न ।

■ **ममता शर्मा**, समाजशास्त्री

वैदेशिक रोजगार विशेष

## विदेशी कामदार ल्याउन तीव्रता दिने मलेसियाको योजना

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३१ वैशाख

मलेसियाले विदेशी कामदार भर्नाको प्रक्रियालाई सकेसम्म छोटो र छरितो बनाउने बताएको छ । कोरोना भाइरस महामारी समाप्तिको अन्तिम अवस्थामा पुगेको र सबै प्रकारका आर्थिक गतिविधिमा तिव्रता आएको भन्दै नयाँ विदेशी कामदार नल्याएसम्म श्रमजनशक्ति पूर्ति गर्न नसकिने निष्कर्षमा सरकार पुगेको त्यहाँकी पर्यटन, कला तथा संस्कृति मन्त्री न्यासी शुक्रीले बताइन् ।

मलेसियाको सबै क्षेत्रमा कामदारको अभाव रहेको, त्यसको परिपूर्तिका लागि स्थानीय मलेसियालीहरूलाई आकर्षित गर्ने नीति लिइएको भएपनि त्यो



प्रभावकारी नदेखिएको उनले बताइन् । यसवर्षको अन्त्यसम्म मलेसियामा ५ लाख पर्यटन आउने भन्दै उनले त्यसका लागि मात्रै तत्काल २० हजार अतिरिक्त कामदार आवश्यक देखिएको बताइन् ।

हालका दिनमा सबै क्षेत्रमा कामदारको अभाव रहेको भन्दै उनले विदेशी कामदार नै श्रम बजारमा देखिएको अभाव परिपूर्ति गर्ने भरपर्दो माध्यम भएको निष्कर्षमा सरकार पुगेको समेत स्थानीय सञ्चारमाध्यमहरूलाई बताइन् ।

मलेसियामा सरकारले विदेशी कामदार ल्याउन अनुमति प्रदान गरेपनि कामदार भर्ना प्रक्रियामा अनुचित लामो समय लाग्ने रोजगारदाताहरूको गुनासो आउने गरेको छ । बढीमा दुई महिना भित्र श्रम बजारमा रहेको कामदार आपूर्तिको समस्या समाधान गर्ने विषयमा मन्त्रिपरिषद्मा छलफल भएको पनि उनले सार्वजनिक गरिन् ।

कोरोना भाइरस संक्रमणका कारणले करिब दुई वर्ष विदेशी कामदार ल्याउन रोकेको मलेसियाले गत जनवरीदेखि प्लान्टेशन र फेब्रुअरीदेखि अन्य क्षेत्रमा विदेशी कामदारको नयाँ भर्ना गर्न शुरूवात गरेको हो । मलेसियाले नेपालसहित १६ श्रोत मुलुकबाट विदेशी कामदार लैजाने गरेको छ ।

विशेष गरी नेपाली कामदार कार्यरत सेक्युरिटी गार्डको क्षेत्रमा कामदारको अभाव रहेको छ । नयाँ कामदार नजाँदा मलेसियामा रहेका नेपाली सुरक्षागार्डहरूले निरन्तर ७२ घण्टासम्म पनि काम गर्नुपरेको गुनासो गरेका छन् ।

**ROMANIA मा रोजगार** | कम्पनी: JORDAN RIVER RECRUITMENT SRL
शहर : ROMANIA

पूर्व स्वीकृत मितिः २०७८/१२/१३ | चलानी नं.: ६०१७६६८९ | LT. No.: 260517 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Staff | 10 | 0 | सम्बन्धित काममा दक्ष | 550 | ६६८९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 10 | 0 | | 650 | ७९०५३ | | | | | | | |
| 3. | Cook Helper | 10 | 0 | | 550 | ६६८९१ | | | | | | | |
| 4. | Factory Worker | 10 | 0 | | 550 | ६६८९१ | | | | | | | |
| 5. | Gardener | 10 | 0 | | 550 | ६६८९१ | | | | | | | |
| 6. | General Worker | 30 | 10 | | 550 | ६६८९१ | | | | | | | |
| 7. | Room Attendant | 10 | 10 | | 550 | ६६८९१ | | | | | | | |
| 8. | Store Keeper | 10 | 0 | | 550 | ६६८९१ | | | | | | | |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा धमाधम भैइरहेको छ । फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधीबाट The Malla Hotel, लैनचौर, काठमाडौंमा २०७९ वैशाख ५ र ६ गते (19 & 20 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Global Welfare Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1320/074/075
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4388357, 4389246
9803569272, 9803569268, 9803569273, 9851186207
E-mail: document.globalhr@gmail.com, Web.: globalwelfarehrsolution.com

# आजबाट हप्तामा दुई दिन बिदा

**काठमाडौं/मस–** हप्तामा दुई दिन बिदा आजबाट कार्यान्वयनमा आएको छ। सरकारले शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णय गरेसँगै आजबाट कार्यान्वयनमा आएको हो। मन्त्रिपरिषद् बैठकले वैशाख १३ गते हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको थियो। उक्त निर्णयलाई सरकारले राजपत्रमा समेत प्रकाशित गरिसकेको छ। परीक्षणका लागि हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको सरकारले कार्यालय समय भने बढाएको छ। आजबाट कार्यालय समय बिहान साढे ९ बजेदेखि साँझ साढे ५ बजेसम्म तय गरिएको छ।




यसैबीच आजदेखि विद्यालयहरु पनि दुई दिन बिदा हुने भएको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले देशभरका विद्यालय दुई दिन सार्वजनिक विदा दिने निर्णय गरेको हो। मन्त्रालयका प्रवक्ता दीपक शर्माले वार्षिक विदा कटौति गरेर हप्तामा दुई दिन विदा दिने निर्णय भएको बताए। मन्त्रिपरिषद्को वैशाख १४ गते बसेको बैठकले शनिबार र आइतबार गरी दुई दिन विदा दिने निर्णय गरेको थियो। शिक्षा तथा मानवस्रोत विकास केन्द्रले निर्णय कार्यान्वयन गर्न विद्यालयहरुलाई परिपत्र गरेको छ।

विद्यालयहरुले साविक बमोजिम नै बिहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म विद्यालयमा पठनपाठन सञ्चालन गर्नुपर्ने छ। शुक्रबार दिनको १ बजेसम्म पठनपाठन सञ्चालन हुँदै आएकोमा सो दिन पनि अन्य दिनहरुमा जस्तै अपरान्ह ४ बजेसम्म पठनपाठन सञ्चालन गर्नुपर्ने छ। राष्ट्रिय पाठयक्रम प्रारुप- २०७६ ले निर्दिष्ट गरे बमोजिमको पाठयघन्टा र कार्यघन्टामा नघट्ने गरी पठनपाठनका कार्यहरु सञ्चालन गर्नका लागि आइतबार सार्वजनिक विदा दिएका कारण अपुग हुने समयावधि हिउँदे वा वर्षे वा अन्य विदाबाट कटाई पूर्ति गर्ने निर्णय गरेको छ।

यसैबीच राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन (नेशनल प्याब्सन) ले विद्यालयमा हप्तामा दुई दिन (आइतबारसमेत) बिदा दिने निर्णय फिर्ता गर्न नेपाल सरकारसँग माग गरेको छ।

नेशनल प्याब्सनका अध्यक्ष पाण्डव हमाल ठकुरीले शनिबार विज्ञप्ति जारी गर्दै विभिन्न बन्द हडताल र कोभिड-१९ का कारण विगत दुई वर्षयता नियमित पठनपाठन नभई विद्यार्थीको सिकाइमा असर परेका कारण दूरगामी असर पर्ने गरी कुनै निर्णय नगर्न आग्रह गरेका छन्।

विज्ञप्तिमा आफूहरुसँग परामर्श नगरी एकपक्षीयरुपमा आइतबार विद्यालयमा बिदा दिने निर्णय गरिएको गुनासो गर्दै शिक्षा ऐनमा व्यवस्था भएको वार्षिक कार्यदिन र कार्यघण्टामा नकारात्मक असर पर्ने भएकाले अभिभावक, शिक्षक र विद्यार्थीमा अनावश्यक दबाब पर्ने गरी आइतबार विद्यालयमा बिदा दिने निर्णय फिर्ता गर्न माग गरिएको हो। सरकारले आजबाट शनिबार र आइतबार साप्ताहिक बिदा दिने निर्णय गरेपछि विद्यालय सञ्चालनमा नयाँ बहस उत्पन्न भएको छ।

बैंकवित्त पनि बन्द

नेपाल राष्ट्र बैंकले जेठ महिनादेखि लागू हुने गरी बैंक तथा वित्तीय संस्थामा पनि शनिबार र आइतबार सार्वजनिक दिने निर्णय गरेको छ।

राष्ट्र बैंकका गभर्नरको स्वीकृति बमोजिमा बैंकमा शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरिएको हो। दसैं र तिहारका सार्वजनिक बिदाबाहेक अन्य बिदा लगातार दुई दिनभन्दा बढी भएमा तेस्रो दिनदेखि बैंक विभाग र मुद्रा व्यवस्थापन विभाग (टक्सार महाशाखासमेत) बाट प्रवाह हुने सेवा, भुक्तानी प्रणाली विभागबाट हुने आटीजीएस सेवा, मौद्रिक व्यवस्थापन विभागबाट हुने सेवालगायत अन्य अत्यावश्यक सेवा तथा प्रदेशस्थित कार्यालयको अत्यावश्यकीय बैंकिङ सेवालाई नियमित गर्न सीमित संख्यामा कर्मचारीलाई खटाई निर्धारित कार्यालय समयसम्म सञ्चालन गर्नुपर्ने पनि राष्ट्र बैंकले निर्देशन दिएको छ। ती सेवा सञ्चालनमा सहयोग गर्न सूचना प्रविधि विभागले आवश्यक परेमा आवश्यकताअनुसार कर्मचारी खटाउन पनि निर्देशन दिइएको छ।

जेठबाट कार्यालय समय बिहान ९:३० बजेबाट अपराह्न ५:३० बजेसम्म कायम गरिएको छ। कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म कार्यालय सयम बिहान ९:३० बजेबाट ४:३० बजेसम्म कायम गरिएको छ।

यसैगरी जेठबाट बैंकिङ कारोबार समय बिहान ९:३० बजेदेखि साँझ ४ बजेसम्म कायम गरिएको छ। कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म भने बैंकिङ कारोबार समय बिहान ९:३० बजेबाट अपराह्न ३:३० बजेसम्म तोकिएको छ। सार्वजनिक बिदाबाहेक २०७९ वैशाख १ गतेदेखि कात्तिक १५ गतेसम्म तथा माघ १६ गतेदेखि चैत मसान्तसम्म कार्यालय समय बिहान १० बजेदेखि साँझ ५ बजेसम्म तोकिएको छ।

# मतदाता बढे, मतदान गर्ने घटे

**झापा/मस-**झापामा स्थानीय तहको निर्वाचनमा मतदाता बढे पनि मतदान गर्नेको संख्या भने घटेको पाइएको छ। वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा झापामा ७०.४८ प्रतिशत मत खसेको छ।

२०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा झापामा ७३ दशमलव ७ प्रतिशत मत खसेको थियो। विसं २०७४ मा झापामा पाँच लाख १० हजार २१६ मतदाता रहेका थिए। जसमध्ये तीन लाख ७२ हजार ८४० ले मतदान गरेका थिए। १५ वटा स्थानीय तह रहेको झापामा हाल छ लाख ४६ हजार २६४ मतदाता रहेका छन्। पुरुषको तुलनामा महिला मतदाता धेरै रहेको झापामा पुरुष मतदाताको संख्या तीन लाख २१ हजार ५२० रहेको छ भने महिला मतदाताको संख्या तीन लाख २४ हजार ७०५ जना रहेको छ। त्यस्तै अन्यमा नौ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसीकुमार नेपालले बताए।

झापामा सबैभन्दा धेरै मत झापा गाउँपालिकामा ७४.६६ प्रतिशत खसेको छ। यो गाउँपालिकामा २३ हजार ९४४ मतदाता रहेका थिए। मतदातामध्ये पुरुषको संख्या आठ हजार २० रहेको थियो भने महिलाको संख्या आठ हजार ५९७ रहेको थियो। यहाँ कूल मतदातामध्ये १७ हजार ८७७ ले यो गाउँपालिकामा मतदान गरेका छन्। यो कूल मतदाताले खसालेको मतको ७४.६६ प्रतिशत रहेको मुख्य निर्वाचन कार्यालय झापाका सहायक मतदान अधिकृत तथा सूचना अधिकारी गणेश पाण्डेले बताए।

त्यस्तै झापापछि बाह्रदशी गाउँपालिकामा धेरै मत खसेको छ। यो पालिकामा ७४.४१ प्रतिशत मत खसेको हो। यहाँ मतदाताको संख्या २५ हजार ८२६ रहेको छ। कूल मतदातामध्ये यो गाउँपालिकामा १९ हजार २१७ ले मतदान गरेका छन्।

त्यस्तै सबैभन्दा कम मत भद्रपुर नगरपालिकामा ६६.३६ प्रतिशत खसेको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ। यो नगरमा ५१ हजार २६० मतदाता रहेकोमा ३४ हजार १५ ले मात्रै मतदान गरेका छन्। यो कूल मतदानको ६६.३६ प्रतिशत मात्र हो।

आठ नगरपालिका र सात गाउँपालिका रहेको झापामा यो वर्ष २८६ वटा मतदानस्थलका ७५५ मतदान केन्द्रबाट मतदान भएको थियो। अघिल्लो निर्वाचनमा २८३ मतदानस्थल र ६३७ मतदान केन्द्र कायम थिए।

झापामा ६८५ जना जनप्रतिनिधि चयनका लागि दुई हजार ७८६ ले उम्मेदवारी दिएका थिए। त्यसमध्ये आठ/आठ जना नगर प्रमुख र उपप्रमुख तथा सात/सात जना अध्यक्ष र उपाध्यक्ष पदका लागि मात्रै १६९ जनाको उम्मेदवारी रहेको थियो।

झापामा प्रमुख र अध्यक्ष १५ जना, उपप्रमुख र उपाध्यक्ष १५ गरी ३० जना, वडाध्यक्ष १३१, महिला सदस्य १३१ र दलित महिला सदस्य १३१ गरी ३९३ जना र खुला सदस्य २६२ गरी जम्मा ६८५ जना जनप्रतिनिधि चयन हुनेछन्।

कचनकवल गाउँपालिका र मेचीनगरमा भने एक/एक जना उम्मेदवार यसअघि नै सर्वसम्वत भएका छन् तर मुख्य निर्वाचन अधिकृतको कार्यालय झापाले आधिकारिक घोषणा गरेको छैन। कचनकवल गाउँपालिका-४ मा नेपाली कांग्रेसकी दलित महिला सदस्य पदकी उम्मेदवार विजली दाशको मात्रै उम्मेदवारी परेपछि उनी सर्वसम्वत भएकी थिइन्।

मेचीनगर-११ मा भने नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट दलित महिला सदस्य पदकै उम्मेदवार रञ्जिता नेपाली सुन्दासको मात्रै उम्मेदवारी परेपछि उनी पनि सर्वसम्मत भएकी थिइन्।

# मतपेटिका मतगणना स्थलमा पुऱ्याउन तीन दिन पैदलयात्रा

**फुङ्लिङ/रासस–** चीनको सिमावर्ती क्षेत्र ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-७ याङमा मतदान केन्द्रबाट मतगणनास्थलसम्म मतपेटीका आइपुग्न तीन दिन लाग्ने भएको छ। वैकल्पिक व्यवस्थापनको समस्याका कारण उक्त स्थानको मतिपेटिका पैदलमार्ग हुँदै मतगणनास्थल ल्याउन लागिएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

प्रतिकूल मौसमका कारण हेलिकोप्टर जान नसकेपछि पैदल मार्गहुँदै निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटीका पुऱ्याउन लागिएको हो। भौगोलिक हिसाबले अतिदुर्गम बस्ती याङमा, ओलाङचुङगोला, घुन्सा र ग्याप्ला गरी चार मतदान केन्द्रको मतपेटीका हेलिकोप्टरमार्फत निर्वाचन अधिकृतको कार्यलयसम्म ल्याउन निर्वाचन आयोगले गत साता गृह मन्त्रालयबाट अनुमति लिएको थियो। तर, मौसम प्रतिकूल भएसँगै हेलिकोप्टर जान नसकेपछि तीन दिनलाग्ने पैदलमार्गमार्फत बोकेर ल्याउनुपरेको जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङका सूचना अधिकारी पिविन दुलालले जानकारी दिए। दुलालका अनुसार शनिबार बिहानै मतपेटिका ल्याउने तयारी गरिएको थियो। तर, आइतबारसम्ममा निर्वाचन अधिकृतको कार्यालय तापेथोकसम्म मतपेटीका आइपुग्ने बताए। ओलाङचुङगोला, घुन्सा र ग्लाप्लाका मतदान केन्द्रका मतपेटीका भने शनिबार राति नै निर्वाचन अधिकृतको कार्यालयसम्म ल्याइएको जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङले जनाएको छ। समुद्र सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थित याङमा बस्तीमा शेर्पा समुदायको ११ घरपरिवार बसोबास गर्दै आएका छन्। ६० जना मतदाता रहेको याङमा यस स्थानीय तह निर्वाचनमा १४ जनाले मात्र मतदान गरेको जिल्ला निर्वाचन कार्यालय ताप्लेजुङले जनाएको छ। शुक्रबार दश पुरुष र चार महिलाले मतदान गरेको जिल्ला निर्वाचन अधिकृत खनालले बताए।

उक्त क्षेत्रमा मतदान गराउनका लागि कर्मचारी र सुरक्षाकर्मी गरी नौ जनाको टोली याङमा पुगेको थियो। मतदान गर्नका लागि दुई लाखभन्दा बढीखर्च हुने निर्वाचन आयोगको कार्यालय ताप्लेजुङले जनाएको छ। 'उक्त क्षेत्रमा निर्वाचनका लागि दुई लाख रुपैयाँभन्दा बढी खर्च हुने अनुमान गरिएको छ, नागरिकको मताधिकारका लागि खर्च गर्नु राज्यको दायित्वभित्र पर्दछ' खनालले भने।

फक्ताङलुङ गाउँपालिका–७ ओलाङचुङगोलामा वडाध्यक्षसहित पाँचैजना जनप्रतिनिधि भने यसअघि नै निर्विरोध निर्वाचित भइसकेका छन्। जसका कारण सो वडाको दुवै मतदान केन्द्रमा गाउँपालिका अध्यक्ष र उपाध्यक्षका लागि मात्रै मतदान भएको छ। यस्तै २७६ जना मतदाता रहेको ओलाङ्चुङगोलामा ८५ मत खसेको छ। ४२ जना पुरुष र ४३ जना महिलाले मतदान गरेको जनाइएको छ।

## शहरमा...

दिइरहेका छन्। लालकिशो निवर्तमान मेयर हुन्।

धुलिखेल नगरपालिकामा पनि स्वतन्त्र उम्मेदवार बिदुरबहादुर बस्नेतले अग्रता लिएका छन्। उनलाई निवर्तमान मेयर एवं एमालेका अशोककुमार ब्याञ्जुले चुनौती दिइरहेका छन्। पाँच दलीय सत्तागठबन्धनका साझा उम्मेदवार दयासागर श्रेष्ठले पनि स्वतन्त्र उम्मेदवार बस्नेतलाई पछ्याइरहेका छन्।

ठूला शहरमा स्वतन्त्र उम्मेद्वारको क्रेज देखिनुलाई समाज र नागरिकमा रहेको दलहरुप्रतिको असन्तुष्टीका रुपमा ब्याख्या समाजशास्त्री एवं मानवशास्त्रीहरु।

'शहरमा स्वतन्त्र उम्मेद्वारको क्रेज देखिनुका पछाडि राजनीतिक दल र नेताहरुप्रतिको अतुन्तष्टी हो' समाजशास्त्री ममता शर्मा थप्छिन् 'यसलाइ दलीय व्यवस्थाविरुद्ध प्रकट भएको रुपमा लिन हुन्न।'

राजधानीमा काम गर्न चुनौती भएता पनि राजनीतिक दलरुप्रतिको असन्तुष्टिलाई क्यास गरेर काठमाडौंको नेतृत्व गर्दै केन्द्रीय स्तरमा स्थापित हुने हुने चाहना स्वतन्त्र उम्मेदवारहरुमा रहेको हुन सक्ने शर्माको भनाइ छ। तर, विगतका राम्रो मत पाएकाहरु पनि अहिले राजनीतिबाट बिलाएका उदाहरण पनि छन्।

०७४ सालमा विवेकशिल नेपाली दल पार्टीबाट काठमाडौं महानगरमा उम्मेद्वारी दिएकी रञ्जु न्यौपाने (दर्शना) एक वैकल्पिक शक्तिका रुपमा उदयएकी थिइन्। निर्वाचन नजिते पनि त्यसवेला उनले आर्कषक मत ल्याएकी थिइन।

उनको नेकपा एमालेका विजयी मेयर विद्यासुन्दर शाक्यसँग ४१ हजार ४७४ मतान्तर थियो। राष्ट्रिय प्रजातन्त्र पार्टीसँगको चुनावी तालमेलमा एमालेका विद्यासुन्दर शाक्यले ६४ हजार ९१३ मत ल्याएर विजयी भएका थिए। दर्शनाले २३ हजार ४३९ मत ल्याएर तेस्रो स्थान हासिल गरेका थिए।

त्यसबेला प्रतिद्वन्द्वी नेपाली कांग्रेसका राजुराज जोशीले ४५ हजार २६९ मत पाएका थिए। उपमेयरमा भने कांग्रेसकै हरिप्रभा खड्की ५८ हजार ९५२ मत ल्याएर विजयी भएकी थिइन्। उनको निकटतम प्रतिद्वन्द्वी एमालेसँगको तालमेलमा लडेका राप्रपाका राजाराम श्रेष्ठले ३४ हजार ८५४ मत मात्रै ल्याएका थिए।

मेयरकै लागि अर्का स्वतन्त्र रहेका किशोर थापाले समेत उम्मेद्वारी दिएका थिए। स्वतन्त्र उम्मेद्वारका रुपमा उम्मेदवारी दिएका किशोर थापा १८ हजार ४९६ मत ल्याएर चौथो भएका थिए। उनलाई तत्काल निर्वाचन आयोगमा दर्ता हुन बाँकी रहेको रविन्द्र मिश्र नेतृत्वको साझा पार्टीको सहयोग थियो। नेकपा माओवादी केन्द्रका उम्मेदवार सर्वोत्तम दास डंगोलले ७ हजार ९०६ मत ल्याएर पाँचौ स्थानमा थिए।

०७४ को स्थानीय निर्वाचनमा वैकल्पिक शक्तिका रुपमा उदय भएका दल विवेकशिल नेपाली दल भने साझा पार्टीसँग एकिकरण गरेलगत्तै आन्तरिक किचालोका बिच गुज्रिएका कारण यसपटक उक्त पार्टीको उम्मेदवारलाई मतदाताले रुचाएको मतपरिणमले देखाएको छैन्। तर, स्वतन्त्र उम्मेदवार बालेन शाहले सुरुवाती अग्रता नै लिएका छन्।

# सर्लाहीको बरहथवामा ३ गते पुनः मतदान




**लक्ष्मण यादव / मध्यान्ह**
सर्लाही, ३१ वैशाख

दुई पक्षबीच झडप भएपछि रोकिएको सर्लाहीको बरहथवा नगरपालिका वडा न.१७ को मतदान जेठ ३ गते पुनः हुने भएको छ।

शुक्रबार जनता समाजवादीका वडा अध्यक्षका उम्मेदवार रामविश्वास रायको टिमले माओवादी केन्द्रका वडा अध्यक्ष पदका उमेदवार विरेन्द्र रायलाई निर्घात कुटपिट गरेपछि सो वडाको श्री आधारभूत विद्यालय परोरियाटोल मतदान केन्द्रको मतदान स्थगित भएको थियो।

कुटपिटबाट घाइते माओवादीका उम्मेदवार वीरेन्द्रसहित घाइते भएका १५ जनाको वीरगंजसहितका विभिन्न अस्पतालहरुमा उपचार भइरहेको छ।

दुई पक्षबीच कुटाकुट भएपछि नेकपा एमाले, नेपाली कांग्रेस, जनमत पार्टी र स्वतन्त्र उम्मेदवारले संयुक्त विज्ञप्ति जारी गर्दै मतदान स्थगित गर्न अनुरोध गरेका थिए।

# सोलु झडपमा घाइतेको मृत्यु



**काठमाडौं/मस–**शुक्रबार भएको मतदानपछि झडप हुँदा घाइते सोलुखुम्बुको सोताङ गाउँपालिकामा एक जनाको मृत्यु भएको छ।

सोताङ वडा नम्बर ३ मा भोट खसाल्न आएकी दमकी विरामी वृद्धा महिलाको मतदानलगत्तै मृत्यु भएपछि कांग्रेस र माओवादीका कार्यकर्ताबीच झडप भएको थियो। शुक्रबार साँझ भएको घटनामा घाइते भएका माओवादी केन्द्रका कार्यकर्ता ३५ वर्षीय सुदिप राईको फाप्लु अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले जनाएको छ।

घटनामा संलग्न तीन जना कांग्रेस कार्यकर्तालाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालेको जनाएको छ।

यसैबीच बाजुराको हिमाली गाउँपालिकाको मतगणना स्थलमा नेकपा (एमाले) र कांग्रेस कार्यकर्ताबीच शनिबार झडप भएको छ। मतदानस्थलबाट मत पेटिका गणनास्थलमा ल्याउने क्रममा शिल भाँचिएको विषयमा विवाद हुँदा झडप भएको हो।

मतपेटिका सुरक्षित गर्न र शान्तिपूर्ण वातावरण बनाउन प्रहरीले ९ राउण्ड हवाइ फायर गरेको थियो।

# खप्तड छेडेदह–१ मा कांग्रेसको प्यानल नै विजयी

**देबराज पाध्याय/मध्यान्ह**
बाजुरा, ३१ वैशाख



बाजुराको खप्तड छेडेदह गाउँपालिका-१ मा नेपाली कांग्रेसको प्यानल नै विजयी भएको छ। जिल्ला निर्वाचन कार्यालय बाजुराका निर्वाचन अधिकृत लक्ष्मण बहादुर कठायतका अनुसार वडा नम्बर १ को अध्यक्षमा कांग्रेसका उम्मेदवार बीरबहादुर रावलसहित उनको प्यानल नै विजयी भएको हो। विजयी रावलले ६ सय ९ मत प्राप्त गरेका थिए। उनका प्रतिद्वन्द्वी नेकपा एमालेका दान बहादुर रोकायाले ५ सय ७० मत प्राप्त गरेका थिए। निर्वाचित रावल २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट वडा अध्यक्ष पदमा विजयी बनेका थिए। उनी अघिल्लो महिनामा मात्र एमाले परित्याग गरी कांग्रेसमा प्रवेश गरेका थिए। यस्तै वडा सदस्यमा पनि नेपाली कांग्रेसका उम्मेदवार नै विजयी बनेका निर्वाचन कार्यालयले जनाएको छ।

# जापानमा नेपाली पाठ्यक्रम पढाइ

**काठमाडौं/मस–** नेपालको पाठ्यक्रममा आधारित कक्षा १० सम्म अध्यापन गर्दै आएको जापानको टोकियोस्थित एभरेष्ट इन्टरनेशनल स्कुलले आगामी दिनमा नेपाली विद्यार्थीका लागि कक्षा ११ र १२ मा पनि पढाइ सञ्चालन गर्ने भएको छ।



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलको भर्चुअल उपस्थितिमा शनिबार आयोजित विद्यालयको १०औं अभिभावक दिवसका अवसरमा यस्तो जानकारी दिइएको हो।

मन्त्री पौडेलले जापानमा रहेका नेपालीहरुले अन्य क्षेत्रका साथै शिक्षा क्षेत्रमा पनि योगदान गर्दै आएकामा प्रशंसा गरेका थिए। उनले एभरेष्ट स्कुलले विदेशमा रहेर नेपालको शिक्षा क्षेत्रमा थप योगदान दिई नेपाली विद्यार्थीका लागि थप सेवा दिन सकोस् भनी कामना गरे।

भौतिक र अनलाइन दुवै माध्यमबाट आयोजित कार्यक्रममा जापानस्थित नेपाली दूतावासका कार्यवाहक राजदूत अम्बिका जोशीले विद्यालयले निरन्तर प्रगति गर्दै नेपाली र विश्वस्तरका विद्यार्थीका लागि उदाहरणीय रूपमा गुणस्तरीय शिक्षा दिन सक्षम भएको बताइन्। कार्यक्रममा विद्यालयका संस्थापक अध्यक्ष तथा प्रिन्सिपल डा. भुपालमान श्रेष्ठ र प्रदीप थापा, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का अध्यक्ष डिके ढुङ्गानालगायतको सहभागिता थियो। विद्यालयले गत वर्षको माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) का १९ विद्यार्थीलाई जापानबाटै परीक्षा सञ्चालन गरेको थियो। विद्यालयमा हाल नेपालका साथै भारत, जापान, संयुक्त राज्य अमेरिकाका गरी ३२५ विद्यार्थी छन्। यसमा अधिकांश नेपाली छन्।

स्थानीय तह निर्वाचन

# निर्वाचन स्थगन हुने मतदान केन्द्रको संख्या ८५ पुग्यो

**विष्णुलक्ष्मी खरेल**
काठमाडौं, ३१ वैशाख




वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा स्थगन हुने मतदान केन्द्रको संख्या ८५ पुगेको छ ।

निर्वाचन आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा शनिबार साँझसम्म प्राप्त विवरणानुसार लुम्बिनी प्रदेशबाहेक छवटा प्रदेशका १७ जिल्लाका ४४ मतदानस्थलका गरी ८५ केन्द्रमा मतदान स्थगन भएको हो ।

तीमध्ये कतिपयमा पुनः निर्वाचनको मिति तोकिएको छ भने अन्यमा निर्णय भइसकेको छैन । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले पुनः निर्वाचनको मिति तय गर्नुपूर्व स्थगन हुने कारण विश्लेषण, निर्वाचन सामग्रीको भण्डारण, सुरक्षा स्थितिको आंकलन गर्न भनिएको बताए । कतिपय मतदानस्थलमा देखिएको विवाद मिलाउन आयोगबाट टोली पनि जाने भएको छ ।

### १९ मतदान केन्द्रमा निर्वाचनको नयाँ मिति तय

यही वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा राजनीतिक दल, उम्मेदवार र अन्य पक्षको विवादका कारण स्थगन भएका ८५ मतदान केन्द्रमध्ये १९ केन्द्रमा आउँदो जेठ १, २ र ३ गतेका लागि नयाँ निर्वाचन मिति तय गरिएको छ ।

स्थगन भएकामध्ये १० मतदानस्थलमा पुनः मतदानको मिति तय भएको हो भने अन्य ३४ मतदानस्थलमा निर्णय हुन बाँकी छ । तीमध्ये प्रदेश नं. १ को ३, मधेस प्रदेशको २, बागमती प्रदेशको ५, कर्णाली प्रदेशको २ र सुदूरपश्चिम प्रदेशका ५ मतदान केन्द्रमा नयाँ मिति तय भएको हो ।

निर्वाचन आयोगका अनुसार जेठ १ गते निर्वाचन हुने मतदानस्थलमा सप्तरीको डाक्नेश्वरी नगरपालिकाकाको जनता माविको २ केन्द्र, कालीकोटको रास्कोट गाउँपालिकाको जनता माविको १, कालीकोटकै पचालभरना गाउँपालिकाको जनता माविको १, बझाङको जयपृथ्वी नगरपालिका, सुनीपिपल चौर माविको २ मतदान केन्द्र रहेको छ ।

जेठ २ गते निर्वाचन हुने मतदानस्थलमा धनकुटाको शहीदभूमि गाउँपालिकाको ठाकुरदेवी माविको ३ केन्द्र, रामेछापको खाँडादेवी नगरपालिकाको राकमथुमको ३ केन्द्र, बझाङको केदारस्युँ गाउँपालिकाको जगन्नाथ माविका २ केन्द्र, बझाडको सुर्मा गाउँपालिकाको कृष्ण प्राविको १ केन्द्र र सोही पालिकाको आधाबगर माविको २ केन्द्र रहेका छन् । जेठ ३ गते निर्वाचन हुने मतदानस्थलमा काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकाको श्रीराम माविको २ मतदान केन्द्र रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए ।

निर्वाचन आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्रमा आज साँझसम्म प्राप्त विवरणअनुसार लुम्बिनी प्रदेशबाहेकका छ वटा प्रदेशका १७ जिल्लाका ४४ मतदानस्थलका गरी ८५ मतदान केन्द्रमा मतदान स्थगन भएको जनाएको छ । पुनः निर्वाचनको मिति तय गर्नुपूर्व स्थगन हुने कारण विश्लेषण, निर्वाचन सामग्रीको भण्डारण, सुरक्षा स्थितिको आँकलन गर्न निर्देशन दिएको छ ।

### भिडियो प्रणालीबाट मतगणना अनुगमन

निर्वाचन सम्पन्न भएका स्थानको जारी मतगणना प्रक्रियालाई निर्वाचन आयोगले बहादुर भवनस्थित कार्यालयबाट भिडियो–अनुगमनसमेत गरिरहेको छ । मतगणना भइरहेका विभिन्न मुख्य निर्वाचन कार्यालयका मतगणस्थलमा जोडिएका सीसी क्यामेरा र 'भोट काउन्टिङ भिडियो म्यानेजमेन्ट सिस्टम' (भीसीभीएमएस) प्रविधिबाट सो अनुगमन भइरहेको हो । तथ्यांक प्रविष्टीका लागि आयोगको बेग्लै सूचना प्रणाली सञ्चालित छ ।

भिडियो अनुगमनका लागि आयोगमा ठूला स्क्रिनसहित अलग्गै कक्षा स्थापना गरेको छ । उक्त प्रणालीमा एकै पटक सानो आकारमा ९६ वटासम्म स्थलको प्रत्यक्ष विवरण हेर्न सकिन्छ भने कुनै खास स्थलको जुम गरेर पनि हेर्न सकिन्छ । अहिलेसम्म ३३६ पालिकाका गणनास्थलमा यो प्रणाली जडान गरिएको छ । उक्त कक्षका टोली प्रमुख विवेक शर्माका अनुसार यस प्रकारको प्रणाली निर्वाचनका सन्दर्भमा नेपालमा पहिलो पटक लागू गरिएको हो । शनिबार प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया र आयुक्तहरुले काठमाडौंका विभिन्न मतगणना स्थलको अनुगमन गरेका थिए ।

## प्रवास डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

# पासपोर्ट धरौटी राखेर आर्थिक कारोबार नगर्न आग्रह



नेपाल पत्रकार महासंघ कतार शाखाले १६ औं स्थापना दिवस विविध कार्यक्रम गरेर मनाएको छ । 'शान्ति र लोकतन्त्रका लागि पूर्ण प्रेस स्वतन्त्रता' भन्ने मूल नाराका साथ शाखाले आफ्नो स्थापना दिवस मनाएको हो । यस्तै शाखाले मुस्लिम धर्मावलम्बीहरूको महान् पर्व इद उल फित्रको अवसरमा पनि सोही अवसरमा शुभकामना आदानप्रदान गरिएको थियो ।

कतार शाखाका अध्यक्ष करिम बक्स मियाँको अध्यक्षता तथा नेपाली राजदूतावास दोहा कतारका द्वितीय सचिव प्रवीण भट्टराईको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । महासंघका उपाध्यक्ष दिल कुमार श्रेष्ठले स्वागत मन्तव्य राखेको कार्यक्रममा संस्थाको औचित्य तथा महत्वका बारेमा शाखाका अनुशासन विभाग संयोजक दीप जङ्ग शाह र संस्थाको बारेमा संक्षिप्त जानकारीसहित सामुदायिक पत्रकारिताको बारेमा संस्थापक सदस्य एवं सल्लाहकार क्रान्ति सिंहले प्रस्ट पारेका थिए ।

गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न पदाधिकारीहरू, कतारमा स्थापित सामाजिक, वैचारिक, सामुदायिक साङ्गीतिक लगायत बुद्धिजीवी तथा समाजसेवीहरूले शुभकामना मन्तव्य राखेका थिए । शुभकामना मन्तव्य दिने क्रममा विभिन्न रचनाहरु समेत वाचन गरिएको थियो ।कार्यक्रममा खेमराज सुबेदीले पत्रकारहरूका समसामयिक समस्याहरूलाई समेटेर तयार पारेको छन्दात्मक 'पत्रकार' शीर्षकको कविता वाचन गरेका थिए ।

यस्तै, नेपाली राजदूतावासका द्वितीय सचिव तथा कार्यक्रमका प्रमुख अतिथि प्रवीण भट्टराई, संस्थापक सदस्य एवं सल्लाहकार क्रान्ति सिंह, संस्थापक सदस्य सरोज बास्तोला र पत्रकार तथा (सामाजिक व्यक्तित्व) रमेश ढकाललाई सम्मान गरिएको थियो । साथै दीप जङ्ग साह र सन्तोष केसीलाई प्रोत्साहन पत्रद्वारा सम्मानित गरिएको थिया ।

सम्बोधनका क्रममा प्रमुख अतिथि भट्टराईले कतारमा रहेर कलम चलाउने पत्रकारहरू सम्मानित भएकोमा खुसी व्यक्त गरे । राज्यबाट पटक-पटक सम्मानित भएपनि ४ वर्षको कतार बसाइँको क्रममा महासंघबाट सम्मानित भएकोमा आभार प्रकट गरे ।

प्रवासमा रहेर गरिने पत्रकारिताको जटिलता, विश्वसनीयता र भोलिको दिनमा आउँनसक्ने कठिन परि स्थितिहरूको सामना गर्दै कलम चलाउनु पर्ने बताए । कार्यक्रममा उनले समाचार लेखनमा सत्यता, निष्पक्षता हुनुपर्ने भन्दै कतारमा पासपोर्ट धरौटी राखेर पैसाको कारोबार नगर्न आग्रह गरे । उनले मेरो पासपोर्ट हरायो भन्दै ३ सय ७० रियालमा नयाँ पासपोर्ट बनाउन पाइने र ठगहरूले त्यो बाटो अवलम्बन गर्ने गरेको हुँदा सचेत रहन आग्रह गरे ।

संघका सचिव अर्जुन पौडेलले सहजीकरण गरेको कार्यक्रमको समापनका क्रममा सभाध्यक्ष मियाँले कतार शाखा पित पत्रकारिताबाट अलग रहेको बताए । कतारमा बसेर सामुदायिक तथा प्यासन पत्रकारिता गर्नेहरूलाई समेटेर गुणात्मक तरिकाले समाचारहरू संकलन तथा सम्पादन गर्न आग्रह गरेका थिए ।

# हेलिकप्टरबाट मतपेटिका ल्याइयो



**दार्चुला/मस–** दार्चुलाको व्यास गाउँपालिका-१ को छाङ्गरु र तिङ्करको मतपेटिका हेलिकप्टरबाट ल्याइएको छ ।

जिल्लाको सबैभन्दा विकट ठाउँ रहेको छाङ्गरु तिङ्करको मतपेटिका नेपाली सेनाको हेलिकप्टरबाट ल्याइएको हो। दुई मतदान केन्द्र रहेको वडा नं १ को मतपेटिका छाङ्गरुमा राखिएको थियो । मतपेटिकालाई हेलिकप्टरमार्फत गाउँपालिका केन्द्र सुनसेरा ल्याइएको प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले जानकारी दिए ।

नेपालतर्फ बाटो नभएकाले हेलिकप्टरको प्रयोग गरेर मतपेटिका र कर्मचारी ल्याइएको हो । गत शनिबार छाङ्गरु र तिङ्करमा निर्वाचन सामग्री, सुरक्षाकर्मी र निर्वाचनमा खटाइएका कर्मचारी हेलिकप्टरमार्फत पुऱ्याइएको थियो।

व्यास गाउँपालिका-१ का दुई मतदान केन्द्रमा ३५० बढी मत खसेको छ । मोती महिला संघ आधारभूत विद्यालय तिङ्करमा १३६ र कैलाशपति आधारभूत विद्यालय छाङ्गरुमा मत खसेको हो ।

तिकंर मतदान केन्द्रमा ७३ पुरुष र ६३ महिलाले मतदानमा सहभागी भएको सशस्त्र प्रहरी बल नेपाल नं ५० गुल्मका गुल्मपति धीरेन्द्र शाहले जानकारी दिए ।

सो मतदान केन्द्रमा एक घण्टाअघि नै मतदान सकिएको थियो । तिङ्कर मतदान केन्द्रमा कूल १११ पुरुष र १२० महिला मतदाता थिए । कैलाशपति आधारभूत विद्यालय छाङ्गरुको मतदान केन्द्रमा ११२ महिला र १०७ पुरुषले मतदान गरेका जनाइएको छ । यो मतदान केन्द्रमा १७७ पुरुष र १९९ महिला मतदाता थिए । व्यास गाउँपालिकाका छवटै वडामा पाँच हजार ४८६ मत खसेको निर्वाचन अधिकृतको कार्यालय सुनसेराले जनाएको छ ।

यसैबीच हुम्लामा मतपेटिका संकलन गर्ने कठिन भएको छ । ४८०० मिटरको लेक पार गरेर मतपेटिका ल्याउनुपर्ने भएकोले कठिन भएको निर्वाचन आयोगले जनाएको छ ।

जिल्लाको नाम्खा गाउँपालिका-६ लिमीका भृकुटी आधारभूत विद्यालय, सुनखानी आधारभूत विद्यालय र हल्जी हिमशिखर आधारभूत विद्यालयको मतदान केन्द्रबाट मतपेटिका याल्वाङ्ग ल्याउन समस्या भएको हो ।

यस्तै, चंखेली गाउँपालिका डाँफे आधारभूत विद्यालय नेप्का मतदान केन्द्रबाट मतपेटिका र कर्मचारी नपुगेको जिल्ला निर्वाचन कार्यालय हुम्लाले जनाएको छ ।

चंखेली गाउँपालिका-५ को नेप्काबाट मतपेटीसहित कर्मचारी हिँडिसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

नाम्खा गाउँपालिका ६ को लिमी मतदान केन्दको हेलिकप्टरबाट मतपेटिका कर्मचारी आजमात्रै ल्याइने छ ।

# देउवाकै वडामा कांग्रेस वडाध्यक्षका उम्मेदवार पराजित



**लक्ष्मण पाण्डेय/मध्यान्ह**
डडेल्धुरा, ३१ वैशाख

डडेल्धुराको गन्यापधुरा गाउँपालिका-१ मा नेपाली कांग्रेस बीपीका नरेश भण्डारी विजयी बनेका छन् ।

प्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाको वडा समेत रहेको एकमा कांग्रेस बीपीले १ सय २९ मतले कांग्रेसका उम्मेदवारलाई पराजित गरेको हो ।

'करुवा' चुनाव चिन्ह कांग्रेस बीपीका नरेश भण्डारीले ६ सय ७३ मत प्राप्त गर्दा कांग्रेसका चन्द्र देउवाले ५ सय ४४ मत मात्रै प्राप्त गरेका छन् ।

कांग्रेसबाट निष्काशित कर्ण मल्ल समूहले बीपी कांग्रेसको करुवा चुनाव चिन्ह लिएर कांग्रेससँगै प्रतिस्पर्धा गरेको हो । डडेल्धुरामा करुवा र नेकपा एमालेबीच चुनावी तालमेलसमेत रहेको छ ।

# गोरखा सेवा समाज कतारद्वारा रक्तदान कार्यक्रम सम्पन्न



गोरखा सेवा समाज कतारले खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । मानवीय सेवाबाट अभिप्रेरित भएर कतारको सरकारी हमाद अस्पतालको ब्लड डोनेसन सेन्टरसँगको सहकार्यमा 'रक्तदान जीवन दान' मूल नारालाई आत्मसाथ गर्दै कार्यक्रम आयोजना गरिएको समाजले जनाएको छ ।

स्वस्थ रगत संकलन कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको रक्तदान कार्यक्रममा सामाजिक, वैचारिक, जातीय संघ संस्थाहरू, पत्रकारहरू, बुद्धिजीवी, समाजसेवी, व्यवसायीलगायत नेपाली दाजुभाइ तथा दिदिबहिनीहरुको उपस्थिति रहेको आयोजकले जनाएको छ ।

५२ जनाले रक्तदान गरेको अध्यक्ष रामजी खत्रीले मध्यान्हलाई जानकारी दिए । रक्तदान गर्ने सबैलाई प्रशंसा पत्रद्वारा सम्मान गरिएको समाजका महासचिव विकास श्रेष्ठले जानकारी दिए ।



मध्यान्ह
www.madhyanhadaily.com
१ जेठ २०७९, आइतबार
15 May 2022, Sunday

## सम्पादकीय

# स्वतन्त्र शक्ति

स्थानीय तहको प्रारम्भिक नतिजाले नेपाली कांग्रेस प्रमुख शक्ति बन्ने देखिएको छ । ०७४ को चुनावमा नेकपा एमाले पहिलो शक्ति बनेको थियो । त्यसबेला पनि कांग्रेस र नेकपा माओवादी केन्द्रको गठबन्धन थियो । तर पनि एमालेप्रति आकर्षण देखिदा कांग्रेस दोस्रो शक्तिमा खुम्चिएको थियो । यसपालि भने कांग्रेस नै पहिलो शक्ति बन्ने संकेत देखिन्छ । अन्तिम नतिजा आउन बाँकी रहेकाले अहिले नै दलीय शक्तिबारे विश्लेषण गर्नु हतारो हुनेछ । प्रारम्भिक नतिजाका आधारमा भने कांग्रेसले अघिल्लो पटक भन्दा निकै धेरै संख्या थप्न सक्छ । एमाले चाहिँ खुम्चने देखिन्छ भने माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी लगायतको नतिजा ठूलो हेरफेर नआउन सक्छ ।

शुक्रबार मतदान सम्पन्न भएर गणना भइरहेका ठाउँको नतिजाले अर्को पनि सन्देश दिएको छ । प्रमुख शहरमै स्वतन्त्र उम्मेद्वारले अग्रता लिएका छन् । काठमाडौं महानगर पालिकामा बालेन्द्र साह, जनकपुर उपमहानर पालिकामा मनोज साह, धरान उपमहानगर पालिकामा हर्क साम्पाङ, धनगढी उपमहानगर पालिकामा गोपाल हमाल, धुलिखेल नगरपालिकामा बिनोदबहादुर बस्नेत लगायतले स्वतन्त्र उम्मेदवारी दिएर पनि प्रारम्भिक अग्रता लिए । यो ठाउँहरूमा मत गन्न धेरै नै बाँकी रहेकाले नतिजा उल्टन सक्छ । फेरि पनि दलीय उम्मेद्वारले नै जित्न सक्छन् । तर प्रारम्भिक नतिजाले भने मतदाताले फरक निर्णय लिएको देखिन्छ । विशेषगरी दलीय नेतृत्वले चयन गरेका उम्मेद्वारको विकल्पमा मतदाता जान सक्छन् भन्ने सन्देश प्रारम्भिक नतिजाले देखाएको छ । विशेषगरी राजधानी उपत्यका रहेको काठमाडौं महानगरको प्रारम्भिक नतिजा शनिबार दिन चासोको विषय बन्यो ।

ठूला शहरहरूमै देखिएको स्वतन्त्र उम्मेद्वारको उत्साहप्रद नतिजाको सन्देशबारे अनेक विश्लेषण शुरू भएको छ । तर धेरैले भने दलीय बितृष्णाको उपजका रूपमा लिएको पाइन्छ । आफ्ना र आफन्तलाई उम्मेद्वार बनाउने दलीय नेतृत्वको निर्णयप्रति मतदाताको विद्रोहका रूपमा समेत अर्थ्याएको छ । अर्कातिर यो नतिजालाई व्यवस्थाप्रतिको आकर्षणका रूपमा पनि लिन सकिन्छ । किनकि गणतन्त्रमा हरेक व्यक्तिमा जनमतमा प्रिय हुने उत्तिकै अधिकार निहीत छ । त्यही अधिकार उपयोग गरी स्वतन्त्र उम्मेद्वारी दर्ता गर्नेहरू प्रारम्भिक नतिजाबाट उत्साहित बनेका छन् । यो नतिजा नीति निर्माता र नेतृत्वकर्ताले बिर्सन मिल्दैन । लोकतन्त्रको सन्देशकै रूपमा व्याख्या गरिनु जरूरी छ ।

# गौरवपूर्ण संस्कृति र नेपाल

*आज पश्चिमाहरू पूर्वी सभ्यताको खोजी गर्दैछन् । उनीहरूलाई नेपाल सबैभन्दा उत्तम अध्ययन भूमि बनिरहेको छ ।*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

'ने' नामक तपस्वी मुनिले बस्ती बसालेकाले हाम्रो देशलाई नेपाल भनिएको हो । युगौंदेखि यसको छुट्टै अस्तित्व रहेको थियो । संस्कृत भाषामा नयेन पाल्यते इति नयपालः भनिन्छ । न्यायद्वारा धर्मको समेत रक्षा गरी जहाँ राज्य सञ्चालन हुन्छ त्यो राज्यलाई नेपाल भनिएको हो । संस्कृत भाषा नयपाल अपभ्रंश हुँदा नेपाल भयो । यो हिमालयको काखमा रहेको छ । यो शिव र शक्ति अर्थात् महादेव र पार्वतीको बासस्थल हो । सतीदेवीले आफ्नो प्राण त्याग गरेपछि शिवकै इच्छाअनुसार हिमालय पर्वतराज पुत्री भएर यसै हिमालय क्षेत्रमा जन्म लिई शिवलाई पुनः प्राप्त गरेकी थिइन् । सतीदेवीको पछिल्लो रूप हिमालय पर्वतराज महारानी मेनकाको गर्भबाट पार्वतीको रूपमा जन्म भएको हो । हिमालयको शिखर सगरमाथाको प्राचीन नाम ब्योमकुट हो, जुन विश्वमै सर्वोच्च छ । सगरमाथा नामकरण धेरै पछि हाल आएर मात्र भएको हो । पर्वत पुत्री भएकीले देवीको नाम पार्वती भएको हो । उनलाई शिवा, भद्रा, उमा आदि नामले पुकारिन्छ ।



श्रीमद्भागवत र देवीभागवत् पुराणहरूमा कलीयुगीन राजा महाराजाहरूको चर्चा भएको छ । राजनैतिकरूपमा दृष्टिगत गर्दा नेपालमा पहिले गोपालवंशीहरूले राज्य गरेका थिए । भुक्तमान, जय गुप्त, परमगुप्त, यज्ञगुप्त आदि राजाहरूले ५०० वर्षसम्म राज्य गरे । त्यसपछि महिपाल (जसलाई अहिर भनिन्छ)हरूले शासन गरे । सुरुमा नेपाल भन्नाले काठमाडौं उपत्यका मात्रलाई जनाउँथ्यो । मूल सिंह, जय सिंह, भुवन सिंह राजाहरूले झण्डै १०० वर्ष राज्य गरेपछि उपत्यकाको राज्य सञ्चालनको जिम्मा किराँतहरूले लिए । प्राचीन शासकहरूझैं किरातीहरू पनि शिवभक्त नै थिए । एक हजार वर्षसम्म करिब यिनीहरूले राज्य गरे । यलम्बरलाई किराँतकालिक प्रथम शासक मानिएको कुरा इतिहासविद्हरू बताउँछन् । बौद्ध धर्मको पनि बाहुल्यता भएको कुरा विदेशी लेखक राइटले बताएका छन् । काठमाडौंमा स्वयम्भूचैत्य र बौद्धस्तूपहरू भव्यरूपमा निर्माण हुनुले यो कुराको थप पुष्टि हुन्छ । नेपालको इतिहास स्थापना गर्ने कार्यमा महामुनि मञ्जुश्रीको नाम अग्रस्थानमा रहेको पाइन्छ ।

पशुपति मन्दिर परिसरमा स्थापित वि.सं. ७९० को अभिलेखमा लिच्छविवंशका प्रथम राजा जयदेव प्रथम भनिएको छ । प्रसिद्ध कैलाशकुट भवन, चाँगुनारायणको मन्दिर, बूढानीलकण्ठ आदिको स्थापनामा मानदेव, अंशुवर्मा एवम् विष्णुगुप्त आदिको नाम अग्रणीरूपमा आउँछ । इतिहासले राजा मानदेवलाई प्रथम लिच्छवि राजा मानेको छ । राजा मानदेव आफू शैव थिए र उनले शिवमन्दिरहरू धेरै निर्माण गर्न लगाएका थिए । उनका पालामा धेरै बौद्ध स्तूपहरूको पनि निर्माण भएको थियो । जे होस्, मानदेव, अंशुवर्मा एवं नरेन्द्रदेवका पालामा हिन्दुधर्म, संस्कृतिको प्रचारप्रसार व्यापकरूपमा भएको थियो । वि.सं. ९३७ सँगसँगै नेपाल मल्लकालिक समयमा अवतरण हुन्छ । मल्ल शासनकालका प्रथम राजा अरिमल्ल उनका छोरा अभय मल्ल र यस पछि क्रमशः जयस्थिति मल्लको अभ्युदय भएको पाइन्छ । यक्ष मल्लको समयमा आइपुग्दा नेपालको सीमांकन विस्तृत भएको र छोराहरूलाई राज्य सम्पदा काठमा डौं, भक्तपुर र पाटन छुट्टिएको देखिन्छ । भक्तपुरमा भुपतीन्द्र मल्लद्वारा बनाउन लगाइएका कलाकौशलले पूर्ण मन्दिरहरू धेरै छन् । पाटनमा सिद्धिनरसिँह मल्लले बनाउन लगाएका कलाकारिताले पूर्ण भएका मन्दिरहरू धेरै छन् । काठमाडौंमा प्रताप मल्लका पालामा बनेका सयौं मन्दिरहरू छन् भने रानीपोखरी पनि उनकै पालामा बनेको हो । साविक समयमा नेपालका शासकहरू सिधै भगवानसँग वार्ता गर्न सक्थे भनिन्छ । सपनामा दर्शन हुने, न्यायको, नैतिकताको आधारमा राज्य सञ्चालन हुने, आवश्यकताअनुसार इश्वरकै सदिच्छाअनुसार मठ-मन्दिरहरू बन्ने गरिन्थ्यो भनिन्छ । हनुमान ढोका, कुमारीस्थान, प्रसिद्ध कालभैरवको मूर्तिको स्थापना कार्यले हाम्रो मल्लकालिक इतिहास दैवी शक्तिमा पूर्ण थियो भन्न सकिन्छ । सोह्रौं शताब्दीमा आइपुग्दा मल्लशासकहरूमा आपसी वैमनस्यता देखिएकाले उनीहरूको आफ्नो शक्ति पनि गुम भएको स्पष्ट हुन्छ ।

वि.सं. १८२५ मा आइपुग्दा गोर्खाका पृथ्वीनारायण शाहले काठमाडौं, भक्तपुर एवम् ललितपुरका अन्तिम मल्ल राजाहरू क्रमशः जयप्रकाश मल्ल, रणजित मल्ल र तेजनरसिंह मल्लमाथि विजय प्राप्त गरी नेपालको एकीकरण अभियान प्रारम्भ गरेका हुन् । प्रत्येक राष्ट्रको आफ्नो इतिहास हुन्छ । युगौंयुगदेखि धर्म सम्पदाको रूपमा रही आएको नेपाल एक पवित्र धार्मिक क्षेत्र हो । धार्मिक दृष्टिले सहिष्णु क्षेत्र हो । हाम्रो मुलुक देवभूमि हो । हरेक युगमा यसको वर्चस्व कायम रहेको छ । सत्य, त्रेता, द्वापरदेखि करिब ५ हजार वर्षदेखि आरम्भ भएको कलियुगमा पनि यो तपोभूमिकै रूपमा रहेको छ । नेपालमाहात्म्य, हिमवत्खण्ड स्कन्दपुराणले ने मुनिको नामबाट कलियुगीन नेपालको नामकरण भएको चर्चा गरेको छ । आधुनिक मेचीदेखि

> *'ने' नामक तपस्वी मुनिले बस्ती बसालेकाले हाम्रो देशलाई नेपाल भनिएको हो । युगौंदेखि यसको छुट्टै अस्तित्व रहेको थियो । संस्कृत भाषामा नयेन पाल्यते इति नयपालः भनिन्छ । न्यायद्वारा धर्मको समेत रक्षा गरी जहाँ राज्य सञ्चालन हुन्छ त्यो राज्यलाई नेपाल भनिएको हो । संस्कृत भाषा नयपाल अपभ्रंश हुँदा नेपाल भयो ।*

महाकालीसम्मको सीमाना भूमि नेपाल विश्वकै एउटै नमुना क्षेत्र हो । पृथ्वीको सबैभन्दा ठूलो एशिया महाद्वीपको मध्यभागमा रहेको यो मुलुक भारत र चीनका बीचमा अवस्थित छ । आर्थिक विकासको दृष्टिले निकै अगाडि बढेका दुई छिमेकी भारत र चीनसँग यसको विशेष सम्बन्ध रहिआएको छ । सरदर १९३ कि.मि. उत्तर-दक्षिण चौडाइ र पूर्व-पश्चिम सरदर ८८५ कि.मि. लम्बाई क्षेत्र ओगटेको यसको क्षेत्र पूर्वी भागको अपेक्षा पश्चिम भाग फराकिलो छ । भौगोलिक दृष्टिले विश्वमान चित्रमा सानो आकार भए पनि विश्वको शिखर सगरमाथाको कारण र विश्वमै नौलो प्राकृतिक, सांस्कृतिक, सामाजिक परिवेश भएकाले यो मुलुकप्रति सबैको चासो बढ्नु स्वाभाविक हो । यसको कूल भू-भागको झण्डै ७७ प्रतिशत उच्च हिमालीक्षेत्र र पहाडी क्षेत्र तथा झण्डै २३ प्रतिशत क्षेत्र तराइभाग (समथर)मा पर्छ । धरातलीय आधारमा यसलाई हिमाली, पहाडी र तराइ गरी तीन क्षेत्रमा वर्गीकरण गरिएको छ भने अपार जलस्रोतको भण्डार रहेको यो मुलुक पर्यटकहरूको आकर्षणको केन्द्रबिन्दु बनेको छ ।

उत्तर तिव्वततर्फ सीमाना २५ कि.मि. देखि ५० कि.मि. सम्मको चौडाइमा रहेको यसको क्षेत्रले करिब १५ प्रतिशत भू-भाग ओगटेको छ भने अग्ला हिमशिखर कञ्चनजङ्गा, मकालु, ल्होत्से, मनासलु, धवलागिरीसम्म यसै क्षेत्रमा पर्छन् । शेर्पा, थकाली, भोटे, आदिको अधिक बस्ती यो क्षेत्रमा आधुनिक विकासको न्यानो घाम लाग्न सकेको छैन । बौद्धधर्मावलम्बीहरूको अधिक बाहुल्यता रहेको यो हिमाली क्षेत्रमा सञ्चार, यातायात, शिक्षा, विद्युत्जस्ता विकासका पूर्वाधार तयार गर्न ढिला भैसकेको छ । ७७ जिल्लामध्ये १६ वटा जिल्ला ओगटेको हिमालीक्षेत्रको संस्कृति छुट्टै किसिमको शैली समेतले नेपालको पहाडीक्षेत्र आफ्नै महत्वको छ । समुद्रबाट टाढा रहेका कारण तेस्रो मुलुकसँग सम्पर्क गर्न कठिनाई भएको यो क्षेत्र समुद्रसतहदेखि ६०० देखि ३००० मीटरसम्मको उचाइमा रहेको छ । पूर्वपश्चिम कडा चट्टानी भाग रहेको यो क्षेत्र ७५ कि.मि.देखि १२५ कि.मि. चौडाई पूर्व पश्चिम फैलिएको छ । यो पहाडीक्षेत्रले कूल भू-भागको ६८ प्रतिशत क्षेत्र ओगटेको छ । महाभारतको लेक, राराताल, फेवाताल, सिवालिकपहाडजस्ता ऐतिहासिक धरोहर बोकेको पहाडी क्षेत्रकै कारण यो मुलुकलाई पहाडी मुलुक भनिएको छ । गण्डकी, कोशी, कर्णाली, सुनकोशी, त्रिशूली, महाकालीजस्ता अति पवित्र नदीहरू यहीँ छन् । स्वर्गबाट झरेका, शिवजटाबाट बगेका पावन नदीनालाहरूले हिमालीक्षेत्रदेखि यस भू-क्षेत्रसम्मलाई पवित्र पार्दै भारतको प्रसिद्ध क्षेत्र गङ्गासागरसम्म पुगेका छन् । अयोध्याको क्षेत्रमा बग्ने पवित्र सरयुनदी नेपाल पश्चिमक्षेत्रकी महाकाली हुन् । वागमती, विष्णुमती हिजोआज प्रदूषित देखिए पनि तिनको उद्गमक्षेत्र शिवपुरी स्वयम् शिवजटा नै हो । गहिरो अरुण, पूर्वको कोशी अनि वहुचर्चित मेलम्ची पनि यिनै पहाडीक्षेत्रबाट बगेकी छन् ।

राजधानी काठमाडौं, पर्यटकीयनगरी पोखरा, विशालक्षेत्र ओगटेको सुर्खेत र अत्यन्त रमणीय क्षेत्र दिपायलले नपालको भूबनोटलाई हराभरा बनाएका छन् । सिन्धुलीको सभ्यतादेखि रुम्जाटार, बेलटार, मङ्गलटार, पाँचखाल हुँदै पश्चिम रेसुङ्गादेखि रुरुसम्मको क्षेत्र र पवित्र आर्यघाटदेखि देवघाटसम्मको क्षेत्र प्रवेश गर्दासम्म पनि स्वर्णीम आनन्दको अनुभूति हुन्छ । जनकपुरको जानकीक्षेत्रदेखि नवलपरासीको त्रिवेणीक्षेत्र र डडेँलधुराकी उग्रतारादेखि डोटीकी शैलेश्वरीसम्मले यो भू-भागलाई तीव्रतर देवभूमि बनाएको छ । अधिराज्यको दुई तिहाई भू-भाग ओगटेको पहाडीक्षेत्रका ३९ वटा जिल्लाहरू रहेका छन् भने पूर्वमा माइपोखरीदेखि पश्चिममा ब्रह्मदेवक्षेत्रसम्म पावन र पवित्र छ । ब्राह्मण, क्षेत्री, किराँत, मगर, नेवार, तामाङ आदि विभिन्न जातजातिका मानिसहरू आपसी समन्वयका साथ यसक्षेत्रमा बस्दैआएका छन् । जातिपातिमा वैमनस्यता कहिल्यै भएको छैन । दक्षिण समथर भू-भाग मुलुकको झण्डै १७ प्रतिशतले ओगटेको तराई क्षेत्र हो । हिमश्रृंखलाहरूको विशाल समथर आँगन हो यो । अन्नको भण्डार र वनको सदुपयोग गर्ने हो भने आर्थिक दृष्टिमा तराइको विशेष योगदान रहेको छ । भारतसितको सम्बन्ध, आयात-निर्यात व्यापार र राजश्वको स्रोतक्षेत्र तराइ नै हो । कृषिको लागि यो क्षेत्र उर्वर छ । औद्योगिक कलकारखाना, यातायातको सुगमता, पूर्वाधार तयार गर्न सजिलो, जीवनस्तर सरल आदिको कारण तराइक्षेत्र नेपालको आर्थिक विकासको अर्को आधार नै हो । मैथिली, भोजपुरी, अवधी, थारु आदि भाषाको वाहुल्यता रहेको यो क्षेत्रमा औलो उन्मूलन पछि झण्डै ६ दशकयतादेखि पहाडी एवं हिमाली भेगका मानिसहरू त्यहाँ बसाइँ सरी बस्दै आएका छन् । आपसी कटुता र वैमनस्यता लाई बिर्सेर सहयोगी र सद्भाव र आपसी स्नेहका साथ सबै मिलीजुली बस्दैआएका छन् । बिराटनगर, वीरगंज, जनकपुर, भैरहवा, नेपालगंज, धनगढी, कंचनपुरजस्ता औद्योगिक नगरीहरू यसक्षेत्रमा रहेका छन् । व्यापार, वाणिज्यका दृष्टिले यी शहरहरू उन्नत देखिएका छन् । यसक्षेत्रमा हावापानीको दृष्टिले केही बढी गर्मी महसुस हुन्छ ।

नेपालको प्राचीन इतिहास हेर्दा यसको अस्तित्व अर्वाचीनसम्म भेटिन्छ । सत्ययुगमा यसको नाम सत्यवती थियो । रामराज्यका समय त्रेतामा यसको नाम तपोवन रहन पुग्यो । महाभारतकालिक द्वापरमा यसको नाम मुक्ति क्षेत्र रहन गयो । हालको समय यसको नाम नेपाल रहेको छ । सुगौलीको सन्धि पूर्व यसको क्षेत्र विशाल थियो । ईश्वरको नवौं अवतार बुद्धको जन्मभूमि नेपाल तराई क्षेत्रमा छ । पवित्र लुम्बिनीलाई अन्तराष्ट्रिय जगत्ले नियालेर हेरिरहेछ । "अहिंसा परमो धर्म" नेपालको शान्ति, मैत्री र अहिंसा विश्वको लागि उदाहरण बन्नु नै पर्ने हुन्छ । सबै वैदिक सनातन धर्मका आदिम्स्रष्टा विश्वसाहित्यका आदिकवि वेदव्यास, महर्षि वाल्मीकि समेतको तपस्थली नेपालभूमि नै हो । त्रेताका सूर्यवंशी राम आफ्ना पितृउद्धार गर्न नेपालको पश्चिमक्षेत्र डोटीमा आएका थिए । साथमा रहेकी सीताको नामले सेतीनदी अहिले सम्म बग्दैछ । विश्वसाहित्यका प्रणेता व्यास, वाल्मीकिलगायत उच्च विशिष्ट व्यक्तिहरूबाट तयार भएको वेद, उपनिषत्, पुराणका ग्रन्थ तथा हिन्दू, बौद्धसभ्यतालाई बढो भरपर्दो रूपले व्यवस्थित गरि राखेको छ एसियन सिभिलाइजेशन म्युजियम सिङ्गापुरले ! यहाँ प्राचीन र अर्वाचीन धरोहर अनि पूरै एसिया क्षेत्रको सभ्यतालाई देख्न सकिन्छ । पानीको मुहान नभएको सिङ्गापुरमा पाइपबाट मलेसियादेखि उच्चप्रविधिको उपचारपछि पानी ल्याइएको छ र हरेक सडकमा रहेका धाराहरूबाट कीटाणुरहित पानी सिधै पिउँन मिल्छ । हिन्दुधर्मअनुसारको सत्संग, पूजा, अनुष्ठान हरेक शनिबार अमेरिका आदि मुलुकहरुमा आयोजना हुने गर्छ । साइत हेरेर बिहे, ब्रतबन्ध आदिको कार्य गर्ने गरिन्छ । आज पश्चिमाहरू पूर्वी सभ्यताको खोजी गर्दैछन् । उनीहरूलाई नेपाल सबैभन्दा उत्तम अध्ययन भूमि बनिरहेको छ ।

## सामाजिक सञ्जाल



- निर्मल प्रसाईं

बालेन साहदेखि नरेश भण्डारी, मनोज साहदेखि गोपाल हमाल ! सहरदेखि गाउँ, पूर्वदेखि पश्चिम ! परिवर्तनको लहर छ । नयाँपनको खोजी छ । पुरानो पार्टीमा बुढाहरूले सिट ओगटी राख्ने हो भने यही मंसिरमै भोटबाटै सत्तापलट हुन सक्छ ।



- विधा कुमार अधिकारी

चुनाव त सकियो, परिणाम जे आउला तर, अब हामी सबैले मतदाताको हैसियतमा दलगत पूर्वाग्रह त्यागी कानुन विपरित कुनै पनि गतिविधि भएमा खबरदारी गर्ने कार्यको थालनी गरौं । त्यसो गरे, यथास्थितीमा सुधार अवश्य हुनेछ ।



- च्यवन घिमिरे

गठबन्धन गलत हो भन्दा लोकतन्त्र र जनभावनाको खिल्ली उडाइयो ! अब स्थानीय निर्वाचनको मतगणना नहुँदैको मत सर्भेक्षणले बताई सकेको छ, अवस्था के हो भनेर । जे होस् देउवा सरकारको गठबन्धनले एमालेको शाख जोगाउँदै छ । देउवा जी विचार गर्नुहोस्, गठबन्धन तोडिन सक्छ ।



- विनोद न्यौपाने

हो ! यहाँ केही विषय बुझ्दा पुग्छ : १. ओलीले पार्टी जोगाए, २. शेरबहादुर र प्रचण्ड पक्षले एमाले फुटाउन सकेन, ३. हिजो जितेकाले हार्छ, हिजो हार्नेले जित्छ । प्रजातन्त्रको दुर्गुण हिजो कै अवस्थामा मुलुक पुग्छ ।



- गोविन्द शालिक

कुल मतदातामध्ये १० प्रतिशत मात्र पनि मत हाल्न गएनन् भने अस्विकार गरेको आकंलन सजिलै गर्न सकिन्छ । यहाँ त २५ प्रतिशतसम्मको कुरो आयो । विगत केही वर्षदेखि राजनीति दल र तिनिहरुले चलाएको सरकारप्रति जनताले पाएको सास्तीले प्रमाणित गर्छ जनआक्रोश चुलिएको छ ।

# चुनाव चिन्हमाथि उठेको सवाल

विचार



● नारायण गाउँले

बेलायतको चुनावी मतपत्रमा वर्णानुक्रमअनुसार उम्मेदवारको पुरा नाम र ठेगाना लेखिएको हुन्छ । बल्ल त्यसमुनि पार्टीको नाम र छेउमा पार्टीको चुनाव चिन्ह हुन्छ । स्वतन्त्र उम्मेदवारको छेउमा भने चिन्हको साटो 'इन्डिपेन्डेन्ट' (स्वतन्त्र) भनेर लेखिएको हुन्छ । मतदाताले चिन्हभन्दा पहिले नाम हेर्छ । मेयरको चुनावमा त पहिलो र दोस्रो प्राथमिकता तोकेर दुई जनालाई भोट दिन पाइन्छ ।

यदि चुनावलाई निष्पक्ष बनाउने हो भने मतपत्रमा चिन्ह होइन, उम्मेदवारको नाम लेखिनु जरूरी छ । चिन्ह मात्रै हेरेर भोट हाल्ने अवस्थामा दशकौंदेखि प्रयोगमा रहेका रूख र सूर्य चिन्हसँग लौरो, कटहर या तराजुको स्वस्थ प्रतिष्पर्धा हुनै सक्दैन । केरा, सुन्तला, कटहर, कलम, कापी जस्ता चिन्ह छान्ने होइन, उम्मेदवारको नाम हेरेर 'टिक' लगाउने सुविधा मतदातालाई हुनुपर्छ । पार्टीका आधिकारिक उम्मेदवारको नाम पछाडि तिनको चिन्ह दिन सकिन्छ । पार्टीको चुनाव चिन्हसँग इतिहास, दर्शन र सोंच जोडिएको हुन्छ । एउटा कम्युनिस्ट पार्टीलाई हसिया हथौडा देखिने चुनाव चिन्ह प्रयोग गर्न दिनु र स्वतन्त्र उम्मेदवारलाई एक/डेढ हप्ता

> *यदि चुनावलाई निष्पक्ष बनाउने हो भने मतपत्रमा चिन्ह होइन, उम्मेदवारको नाम लेखिनु जरूरी छ । चिन्ह मात्रै हेरेर भोट हाल्ने अवस्थामा दशकौंदेखि प्रयोगमा रहेका रूख र सूर्य चिन्हसँग लौरो, कटहर या तराजुको स्वस्थ प्रतिष्पर्धा हुनै सक्दैन । केरा, सुन्तला, कटहर, कलम, कापी जस्ता चिन्ह छान्ने होइन, उम्मेदवारको नाम हेरेर 'टिक' लगाउने सुविधा मतदातालाई हुनुपर्छ ।*

अगाडि काँक्रो या भुइँकटहर चिन्ह भिराउनु एउटै स्तरको व्यवहार होइन ।

कुनै उम्मेदवारको पक्षपोषण गर्ने उद्देश्य होइन, तर उदाहरणका लागि मतपत्रमा : केशव स्थापित- एमाले, बालेन शाह- स्वतन्त्र र सिर्जना सिंह- नेपाली कांग्रेस लेखिएको भए बालेन शाहको मत अहिलेभन्दा फरक आउन सक्थ्यो । अन्य उम्मेदवारको हकमा समेत यस्तै फरक हुन सक्थ्यो । सबै चिन्हको मनोवैज्ञानिक मूल्य पनि एउटै हुँदैन । हिन्दू या मुश्लिम जनसंख्या उल्लेख्य भएको ठाउँमा गाई चिन्ह र सुँगुर चिन्हले निष्पक्षता कायम गर्न सक्दैनन् ।

अझ चुनावी प्रक्रिया संशोधन गरेर दोस्रो प्राथमिकतामा समेत मत दिन पाइने भएको भए आ-आफ्नो दलीय उम्मेदवारलाई पहिलो भोट दिनेहरूले शायद दोस्रो भोट बालेनलाई दिन सक्थे । काठमाडौंलगायतका महानगरको मेयर हुन ५० प्रतिशत मत ल्याउनै पर्ने बनाउन पनि सकिन्थ्यो । निर्वाचनका यस्ता विभिन्न मोडेल अन्य देशमा मात्रै होइन, हाम्रै राज्यका विभिन्न निकाय, क्षेत्र र संस्थाहरूमा अभ्यासमै रहेकाले स्थानीय र संघीय निर्वाचनमा लागु गर्न कुनै अप्ठेरो नहुनुपर्ने हो । यो सानो र सजिलै गर्न सकिने तर, ठूलो महत्वको विषय हो ।

कुनै एउटा शहर या चुनाव क्षेत्रमा खास उम्मेदवारको व्यक्तित्व, लोकप्रियता र मतदाताको साक्षरताले गर्दा नयाँ चुनाव चिन्हले समेत कहिलेकाहीँ प्रतिष्पर्धी मत ल्याउन सक्ला, तर सधैं र सर्वत्र यस्तो हुँदैन । हरेक प्रतिष्पर्धीले निष्पक्षता र समान मैदान पाउनु लोकतन्त्रको मर्म र कर्म हुनुपर्छ । योग्य व्यक्तिले शासन गरेको दिन हाम्रो देश आफै बन्छ । त्यसका लागि धेरै कुरा सुधार गर्नुपर्ने होला, तर पहिलो सुधार निर्वाचन प्रक्रियाबाटै गर्न सकिन्छ ।

# दिल्लीमा एक भवनमा आगलागी, २७ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतको राजधानी नयाँ दिल्लीमा रहेको एक कार्यालय भवनमा आगलागी हुँदा कम्तीमा २७ जनाको मृत्यु भएको छ । त्यस्तै आगलागीमा परेर कम्तीमा १२ जना घाइते भएको त्यहाँस्थित आपत्कालीन सेवा प्रदायकहरूले बताएका छन् ।

आगलागीको बेला त्यस चार तले भवनमा ७० जना भन्दा बढी मानिस रहेको बताइएको छ । प्रहरीले भ्यालको सिसा फोडेर मानिसहरूको उद्धार गरेको थियो । भारतको राजधानी दिल्लीको पश्चिममा रहेको मुन्ड्का मेट्रो स्टेसन नजिकै भएको घटनामा आगो निभाउन करिब २० वटा दमकल प्रयोग गरिएको थियो ।

आगलागी हुनुको कारण विद्युतीय अवरोधका (सर्ट सर्किट) भएको अनुमान गरिएको छ । ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मृत्यु हुनेहरूको परिवारका लागि दुई लाख भारतीय रुपैयाँ क्षतिपूर्ति दिने बताएका छन् ।

आगो नियन्त्रणमा आएपछि उद्धार कार्य जारी राखिएको छ । 'आगलागी भएको क्षेत्रफल ठूलो भएकाले उद्धार कार्य सक्न समय लाग्ने देखिन्छ,' टाइम्स अफ इन्डियाले डेपुटी चिफ फायर अफिसर सुनिल चौधरीलाई उद्धृत गरेको छ ।

प्राय शवहरू दोस्रो तलामा भेटिएको बताइएको छ । स्थानीय अधिकारी जोगीराम जैनका अनुसार प्रारम्भिक विवरणमा विद्युतीय अवरोधका कारण आगलागी भएको हो । उनले भवनमा उचित अग्नि सुरक्षा प्रमाणीकरण नभएको समेत बताए ।

'हामीले अनुसन्धान शुरू गरेका छौं र यदि नगरपालिकाका कुनै अधिकारीहरूको गल्तीमा पाइएमा कडा कारबाही गरिनेछ,' उनले हिन्दुस्तान टाइम्ससँग भनेका छन् । मृत्यु हुनेहरूमध्ये प्राय उक्त भवनमा रहेको सीसीटीभी बनाउने कम्पनीका कर्मचारीहरू हुन् । बीबीसी हिन्दीले आगलागीमा परेर मृत्यु हुनेहरूको संख्या बढ्न सक्ने जनाएको छ । भवनको माथिल्लो तलाहरूमा उक्लन एक मात्र भऱ्याङ भएको र त्यहाँ कुनै आपत्कालीन द्वार नभएको जनाइएको छ ।

भवनमा रहेका काठका सामग्रीलगायत सम्पूर्ण वस्तुहरू खरानीमा परिणत भएको बीबीसीका दिलनवाज पाशाले बताएका छन् । उनका अनुसार अहिले त्यहाँ कंक्रिटको भागहरू मात्र बाँकी छ ।

# यूएईको राष्ट्रपतिमा शेख मोहम्मद बिन जायद निर्वाचित



**काठमाडौं/एजेन्सी–** संयुक्त अरब एमिरेट(यूएई)का नयाँ राष्ट्रपतिमा शेख मोहम्मद बिन जायद अल नाह्यान चुनिएका छन् । पश्चिमी मुलुकमा एमबीजेड भनेर चिनिने मोहम्मद बिन जायद खासमा सन् २०१४ मा उनका सौतेनी दाइको नाममा यूएईको वास्तविक कार्यकारी अधिकार अभ्यास गर्दै आइरहेका छन् ।

शुक्रबार संयुक्त अरब इमिरेट्सका राष्ट्रपति तथा अबु धाबीका राजा(अमिर) शेख खलिफा बिन जायद अल नाह्यानको निधन भएको थियो । खलिफा बिन जायदको मृत्यु भएको एक दिनपछि नै शनिबार देशको संघीय सर्वोच्च परिषद्ले शेख मोहम्मद बिन जायदलाई राष्ट्रपति चुनेको हो ।

योसँगै मोहम्मद बिन जायाद सन् १९७१ मा अरब प्रायद्वीपमा रहेका सात स-साना एमिरेट मिलेर गठन भएको संयुक्त अरब एमिरेटका तेस्रा राष्ट्रपति चुनिएका छन् । यूएई एक साना मुलुकहरू सम्मिलित फेडेरेसन राष्ट्र हो । यसको शासनको लागि सात सदस्य एमिरेटका राजा( अमिर) सम्मिलित रहने संघीय सर्वोच्च परिषद् निर्माण गरिएको छ ।

यूएईमा सम्मिलित सातमध्ये सबैभन्दा ठूलो एमिरेट अबु धावीका राजा स्वत यूएईको राष्ट्रपति हुने व्यवस्था छ। त्यस्तै दोस्रो ठूलो एमिरेट दुबईका राजा प्रधानमन्त्री हुन्छन् । सन् २००४ मा यूएईका संस्थापक तथा अबु धावीका राजा जायद बिन सुल्तान अल नाह्यानको मृत्युपछि उनका जेठा छोरा खलिफा बिन जायाद अल नाह्यान राष्ट्रपति बनेका थिए ।

खलिफा बिन जायद सन् २०१४ मा हृदयाघातका कारण हिँडडुल गर्न नसक्ने गरी थलिएका थिए । त्यस यता मोहम्मद बिन जायाद अल नाह्यानले राजकाजको कार्यकारी भूमिका सम्हाल्दै आएका थिए। रोगले थलिएदेखि मृत्यु नभएसम्म खलिफा बिन जायदको भूमिका सेरेमोलियल मात्रै थियो ।

# उत्तर कोरियामा ज्वरोबाट २१ को मृत्यु, कोभिडको आशंका

**काठमाडौं/एजेन्सी–** उत्तर कोरियाले शनिबार 'ज्वरो' बाट थप २१ जनाको मृत्यु भएको घोषणा गरेको छ । उनीहरुलाई कोभिड भएको आशंका पनि गरिएको छ । यहाँ कोभिड-१९ को पहिलो घटना पुष्टि भएको दुई दिनपछि देशव्यापी रूपमा पाँच लाख भन्दा बढी मानिस बिरामी परेको बताएको छ ।

उत्तर कोरियामा कोभिड विरुद्धको खोप लगाइएको छैन । यहाँ खोप नलगाएका मानिसहरु रहेकाले ज्वरोले थलिएका भनिएका यी मानिसमा पनि कोभिडको संक्रमण भएको हुनसक्ने आशंका गरिएको छ । यहाँ शुक्रबार एकै दिनमा मात्रै एक लाख ७४ हजार ४४० जना भन्दा बढीलाई ज्वरो आएको थियो । कम्तीमा ८१ हजार ४३० जना पूर्णरूपमा निको भएका थिए । यस ज्वरोको कारण देशभर २१ जनाको मृत्यु भएको आधिकारिक कोरियाली केन्द्रीय समाचार एजेन्सीले जनाएको छ ।

उत्तर कोरियाको राजधानी प्योङ्गयांगमा अत्यधिक संक्रामक ओमिक्रोन भेरियन्ट पत्ता लागेका बिहीबार पुष्टि भएको थियो । त्यहाँ नेता किम जोङ उनले राष्ट्रव्यापी रुपमा लकडाउन गर्न आदेश दिएको बताइएको छ ।

# जर्मनीमा शरण लिने युक्रेनी शरणार्थीको संख्या सात लाख नाघ्यो




**काठमाडौं/एजेन्सी–** संकटग्रस्त युक्रेनबाट विस्थापित भई जर्मनीमा शरण लिने युक्रेनी नागरिकको संख्या सात लाख नाघेको छ । जर्मनीको वेल्ट एम सनट्गाग पत्रिकाले जनाए अनुशार हालसम्म सात लाख २७ हजार २ सय ५ जना युक्रेनी नागरिक जमनीमा शरण लिइसकेका छन् । उनीहरुमध्ये ९३ प्रतिशतसँग युक्रेनको नागरिकता छ । शरणार्थीमध्ये ४० प्रतिशत बालबालिका छन् ।

रुसले गत फेब्रुअरी २४ मा युक्रेनमाथि सैन्य हमला गरेपछि मुलुक छाड्ने युक्रेनी नागरिकको संख्या ६० लाख नाघेको संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायोगको कार्यालयले जनाएको छ । यसलाई दोस्रो विश्वयुद्धपछि युरोपको सबैभन्दा ठूलो शरणार्थी संकट मानिएको छ । युक्रेनभित्रै आन्तरिक शरणार्थी हुने युक्रेनी नागरिकको संख्या ८० लाख रहेको राष्ट्रसंघीय एजेन्सीले जनाएका छन् ।

यसैबीच जारी रुसी आक्रमणका क्रममा युक्रेनी फौज खार्किभ शहरको युद्धमा 'विजयी भएजस्तो देखिएको' एउटा युद्ध अध्ययन संस्थाले जनाएको छ । युद्धबारे अध्ययन गर्ने 'इन्स्टिच्युट फर द स्टडी अफ वार' ले जारी गरेको प्रतिवेदनमा रुसी फौज पछि हट्दै गएको जनाइएको छ । रुसले सो क्षेत्रमा आफ्ना सैनिकको स्थानमा भाडाका लडाकु र साझेदार देशका फौजलाई खटाइएको समेत प्रतिवेदनमा उल्लेख छ ।

'त्यसैले युक्रेनी फौजले खार्किभको युद्ध जितेजस्तो देखिन्छ ।' प्रतिवेदनलाई उद्धृत गर्दै बेलायती अखबार द गार्जियनको अनलाइन संस्करणले जनाएको छ । रुसी फौजले शहरलाई रुसी कब्जामा जान मात्रै नभइ घेराबन्दीमा पार्नबाट समेत जोगाएको इन्स्टिच्युटले जनाएको छ ।

केही अपवादबाहेक धेरैजसो मोर्चामा रुसी फौजले युक्रेनी सेनाको प्रत्याक्रमणको सामना गर्ने प्रयत्न समेत नगरेको प्रतिवेदनमा उल्लेख छ । हाल युक्रेनी फौजको नियन्त्रण खार्किभभन्दा ४० किलोमिटर पूर्वमा रहेको सिभेर्स्की डोनेट्स नदीसम्म रहेको गार्जियनले जनाएको छ ।

रूसी फौजले खार्किभमा पराजय भोगेको खण्डमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको युद्ध लक्ष्यमा ठूलो धक्का लाग्ने टिप्पणी गरिएको छ । रुसी भाषीको बाक्लो बसोबास रहेको तथा रूसी सीमाबाट केबल ५० किलोमिटरको दूरीमा रहेको खार्किभ शहरमा रुसी सैनिकले सहजै कब्जा गर्ने अनुमान गरिएको थियो ।

# युक्रेनद्वारा रुसी सिपाहीविरुद्ध पहिलो युद्ध अपराध मुद्दा दायर



**काठमाडौं/एजेन्सी–** रुसले आफूमाथि गत २४ फ्रेब्रुअरीमा आक्रमण शुरु गरेयता युक्रेनले पहिलो पटक युद्ध अपराध मुद्दा शुरु गरेको छ । एक निहत्था सर्वसाधारणको हत्या गरेको अभियोगमा २१ वर्षीय सैनिकलाई अदालतमा उभ्याइएको छ ।

भादिम सिसिमारिन नामक ती सैनिक किभमा शुरु भएको प्रारम्भिक सुनुवाइको दौरान अदालतमा उपस्थित भएका हुन् । यदि, अभियोग प्रमाणित भएको खण्डमा उनलाई आजन्म कारवास सजाय हुनेछ ।

युक्रेनले आफूले रुसी फौजबाट भएका हजारौं सम्भावित युद्ध अपराध फेला पारेको दाबी गरेको छ । रुसले आक्रमणको दौरान सर्वसाधारणलाई लक्षित नगरेको बताएको छ भने यस मुद्दाबारे कुनै टिप्पणी गरेको छैन ।

'चोरिएको सवारी साधनमा सिसिमारिन अन्य सेनासँग उत्तरपूर्वी सुमी क्षेत्रमा यात्रामा रहेकाबेला तिनीहरू फोन गरिरहेका एक ६२ वर्षिय साइकल चालकलाई भेटेका थिए,' वकिलहले भनेका छन्, 'ती वृद्धले युक्रेनी फौजलाई तिनीहरूको लोकेसनकाबारे खबर गर्नबाट रोक्न सिसिमारिनलाई वृद्धमाथि गोली चलाउने आदेश दिइएको थियो ।'

तर, युक्रेनी सूत्रले उनी कसरी पक्राउ परे वा उनी विरुद्धको प्रमाणको स्वरुपबारे केही बताएको छैन । रुसी नियन्त्रणमा रहेका विभिन्न युक्रेनी क्षेत्रमा सयौं सर्वसाधारणका शव फेला परिसकेको छ ।

# रुसद्वारा फिनल्याण्डतर्फ विद्युत् आपूर्ति बन्द



**काठमाडौं/एजेन्सी–** रुसले फिनल्याण्डतर्फ विद्युत आपूर्ति बन्द गरिदिएको छ । रुसको सबैभन्दा ठूलो बिजुली कम्पनी राओ नर्डिकले आपूर्ति गरिएको बिजुलीको भुक्तानी नगरेको कारण शनिबारदेखि फिनल्याण्डलाई बिजुली आपूर्ति बन्द गरेको जनाएको छ ।

कम्पनीकाअनुसार बिजुलीको भुक्तानी प्राप्त गर्न केहि समस्याहरू उत्पन्न भएका थिए जसका कारण उनीहरूले आपूर्ति निलम्बन गर्ने निर्णय गरेको रुसको तास समाचार एजेन्सीले जनाएको छ ।

फिनल्याण्डको राष्ट्रिय विद्युत प्रसारण ग्रिड अपरेटर फिनग्रिडले पनि एक तथ्याङ्कमा सो कुराको पुष्टि गरेको छ । कम्पनीका अनुसार बजारमा बेचेको बिजुलीको भुक्तानी प्राप्त गर्न समस्या भएका कारण रूसबाट आयात गरिएको बिजुलीको थप बिक्री अर्को सूचना नभएसम्म रोकिनेछ ।

धेरै वर्षदेखि रूसबाट फिनल्याण्डमा बिजुली आयात हुँदै आएको छ । 'यो अवस्था असाधारण छ र हाम्रो व्यापारिक इतिहासको बीस वर्षमा पहिलो पटक भएको हो' कम्पनीले भन्यो ।

रुस र फिनल्याण्डबीच १ हजार ३ सय किलोमिटर लामो सीमा जोडिन्छ । आइतबारमात्र फिनल्याण्डले नेटोमा सदस्यताका लागि आवेदनको औपचारिक घोषणा गर्ने अपेक्षा गरिएको छ ।

यद्यपि फिनल्याण्डले नेटो सदस्यताका लागि आवेदन दिने विषय रुसबाट विद्युत् आपूर्तिसँग नजोडिएको तास समाचार संस्थाले जनाएको छ ।

# भारतमा थपिए २८ सय बढी संक्रमित

**काठमाडौं/एजेन्सी–** भारत २४ घण्टाको समयावधी अर्थात शुक्रबार मधयरातिसम्म दुई हजार ८५८ व्यक्ति कोरोनाका थप संक्रमति भएपछि यहाँ कूल संक्रमतिको संख्या चार करोड ३१ लाख १९ हजार ११२ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले शनिबार बिहान जानकारी दिएको छ।

विगत केही महिनायता न्यून विन्दुमा पुगेको कोरोना भाइरस संक्रमणको पुनःकेही दिनयता नयाँ संक्रमितको संख्या तीन हजार नाघेको थियो । यद्यपी गत मङ्गलबारबाट केही कमी आएको देखिएको छ । यसका साथै २४ घण्टाको समयमा महामारीका कारण थप ११ जनाको मृत्यु भएपछि देशभर कोरोनाबाट मृत्यु हुने व्यक्तिको संख्या पाँच लाख २४ हजार २०१ पुगेको छ । भारतभरी अझै पनि सक्रिय संक्रमित १८ हजार ९६ रहेका पनि सो मन्त्रालयले जानकारी दिएको छ ।

चौविस घण्टाको समयावधी अर्थात बुधबार मध्यरातिसम्म तीन हजार ३५५ कोरोना निको भएका छन् ।

**National Sports Council**
**Tripureshwor, Kathmandu**

**Invitation for Bids**

**Invitation for Bids No: NCB/WORK/TRACKNPLGNJ/078-79**
**Date of publication : 2022-05-15**

1. **The Government of Nepal [GoN] has allocated funds** towards the cost of **Construction of Athletics Track and Field at Nepalgunj Stadium, Banke** and intends to apply part of the funds to cover eligible payments under the Contract **for NCB/WORK/TRACKNPLGNJ/078-79** Bidding is open to all eligible as per Section V of bidding document.
2. **National Sports Council** invites electronic bids from eligible bidders for the construction of **Athletics Track and Field at Nepalgunj Stadium, Banke** under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.
3. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years : **NRs 20,67,00000.00**
   - Minimum Work experience of similar size and nature: Contractor in at least one **(1) contract within the last five (5) years, with a value of at least NRs.11,03,00000.00**
4. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
5. Eligible Bidders on the submission of a electronically may purchase the hard copy of the bidding documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost non-refundable fee of **NRs. 6000.00** till null during office hours of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   ***Name of the Bank : Agricultural Development Bank Ltd.***
   ***Name of Office : National Sports Council***
   ***Office Account no : 0210600199238019 (030730)***
6. Pre-bid meeting shall be held at **National sports council Kathmandu nirman tatha marmat sakha at May 30, 2022 14:00 hours.**
7. Electronic bids must be submitted to the office National Sports Council, Kathmandu, Bagmati Province, Nepal through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before **12:00 on jun 14, 2022 .** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on jun 14, 2022** at the office of **National sports council Kathmandu nirman tatha marmat sakha.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of **NRs. 3500000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

INTERSCAFF SAFETY
International Vocational Training School
• IRATA Rope Access
• CISRS Scaffolding
• Spray Painting
• Sandblasting
• F/S Carpenter
• Steel Fixer
• Pipe Fitter
• Insulator
• Welders-TIG/MIG/ARC(upto 6G)
• Mason-Marble/Tile/Block
• Industrial Electrician
• Aluminium Fabricator
• A/C Technician
• Plumber
Skill Test / Video Graphy Services
NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety
Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

मध्यान्ह
www.madhyanhadaily.com
१ जेठ २०७९, आइतबार
15 May 2022, Sunday

# बक्स अफिस समाचार



भविष्यमा चर्चितभन्दा पनि कुशल मोडल तथा कलाकार बन्ने सोच लिएर यस क्षेत्रमा प्रवेश गरेका बाग्लुङ्का स्थानीय वासिन्दा बाबुराम उपाध्यायको पछिल्लो समय कलाकारिताको साथै निर्माताको पनि उपनाम थपिएको छ । साथीहरुसँगको सहकार्यमा उनले 'मधु रिमा' नामक चलचित्र निर्माण गरिरहेका छन् । लोकप्रिय टेलि सिरियल 'भद्रगोल'का बागबिरे डनको पहिचान बनाएका बाबुराम उपाध्यायले केही म्युजिक भिडियोमा पनि मोडलिङ गरेका छन् । कला क्षेत्र आफैंमा एउटा राम्रो र सम्भावना बोकेको क्षेत्र हो, जहाँबाट एउटा कलाकारले राम्रो अवसर पाउने माध्यम हुन सक्छ । अभिनय विधामा राम्रा सम्भावना बोकेका कलाकारहरुले यसैको माध्यमबाट विभिन्न अवसरहरु पाइरहेका हुन्छन् भने देश विदेशको यात्रा गर्दै संसारमा चर्चित हुने अवसर पनि जुटाइरहेका हुन्छन् । वास्तवमा कलाकारिता एउटा रहरमात्र होइन, जहाँ गर्न सके नाम र दाम दुबै कमाउन सकिने उपाध्यायको भनाइ छ । मोडलिङ वा कलाकारितालाई धेरैले आफ्नो रुची र इच्छाको रुपमा लिने गरेको भएता पनि सबैले सफलता हासिल गर्न भने सक्दैनन् । उपाध्यायले भने सफलता हासिल गरिसकेका छन् । कला क्षेत्र र व्यवसायलाई सँगसँगै अगाडि बढाउने सोचका साथ सम्भावनासहित अभिनय क्षेत्रमा प्रवेश गरेका कलाकार तथा निर्माता बाबुराम उपाध्यायले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

## 'कला क्षेत्रको विकासका लागि राज्यले दीर्घकालीन सोच बनाउन जरुरी'

**बाबुराम उपाध्याय**, निर्माता, कलाकार

**केमा व्यस्त हुनुहुन्छ ?**

केही समय पहिले दुई वटा म्युजिक भिडियोको सुटिङमा व्यस्त रहें भने यतिबेला फिल्मको कामले व्यस्त बनेको छु । मेरो आफ्नै व्यवसाय पनि भएको र कला क्षेत्रमा पनि रुचीको कारण समय मिलाउन अलि समस्या परिरहेको छ ।

**अबका दिनमा व्यवसाय कि कलाकारिता ?**

व्यवसायलाई प्राथमिकतामा राखेर मोडलिङ तथा कलाकारितालाई पनि अगाडि बढाउने सोच छ ।

**नेपालमा कलाकारिताको भविष्य कस्तो देख्नुभएको छ ?**

यो ग्ल्यामर क्षेत्र भएकोले यसलाई हेर्ने मानिसको आ-आफ्नै दृष्टिकोण हुन्छ । त्यसैले धेरै नै सुधार गर्नुपर्ने अवस्था छ । मोडल वा कलाकारिता भन्ने बित्तिकै नराम्रो सोच्ने प्रचलनलाई हटाउन सके नेपालमा पनि यस क्षेत्रको विकास हुन सक्छ । विगतको तुलनामा केही सुधार भएजस्तो देखिएपनि हामीमा एकअर्काको ईर्ष्या गर्ने मानसिकतामा परिवर्तन गर्न सक्नु पर्छ ।

**चलचित्रमा काम गर्ने अफर कतिको आउछ ?**

मोफसलमा बसेर कलाकारिता गर्ने हामी जस्ता कलाकारलाई केन्द्रबाट जति नै अफर आएपनि चाहे अनुसारको चलचित्रमा काम गर्न कठिन हुन्छ । काठमाडौंसम्म आएर काम गर्दा चलचित्रबाट पाउने पारिश्रमिक भन्दा बढी खर्च हुने हुँदा चाहेर पनि अफर आए अनुसारको काम गर्न सकिँदैन । त्यसैले मोफसलबाट पनि चलचित्र निर्माण गर्न सकिने वातावरण सिर्जना हुन जरुरी देख्छु म त ।

**घरपरिवारको सहयोग कस्तो छ ?**

घरपरिवारको सहयोग त हुने नै भयो । आफ्नै व्यवसाय पनि भएकोले व्यवसायलाई थाँती राखेर कलाकारिता गर्न पनि मुश्किल छ । कलाकारिताबाट घरपरिवार चलाउन सकिन्न अहिलेको अवस्थामा । त्यसैले व्यवसायलाई पहिलो प्राथकिमतामा राखेर कलाकारिता गर्न बाध्य छु ।



**चर्चित हास्य टेलिचलचित्र 'भद्रगोल'का बागबिरे डनको भूमिकामा देखिनु हुन्छ खासमा तपाईं नायक हो कि खलनायक ?**

'जस्तोसुकै चरित्र र पात्र किन नहोस्, लेखकको कल्पना र निर्देशकको परिकल्पना अनुसार अभिनय क्षमता देखाउँदै आएको छु । कमेडी सिरियल ' भद्रगोल'मा बागबिरे डन खलपात्रको भूमिकामा देखिने भएपनि मैले गरेको अभिनय सबैले रुचाउनु भएको छ । मेरो आउँदै गरेको चलचित्रमा म इमान्दार र कुशल दाजुको भूमिकामा देखिँदैछु । नायक, खलनायक भन्दा पनि आफुलाई दिइएको भूमिकामा न्याय गर्न सक्नु नै बास्तविक कलाकार हो जस्तो लाग्छ । अभिनयको नवरसभित्र रहेर जस्तोसुकै चरित्रको अभिनय गर्न सक्छु भन्नेमा म विश्वस्त छु । त्यसैले म एउटा कलाकार हुँ ।

**तपाई त हास्य सिरियलमा पनि खलपात्रको भूमिकामा देखिनु हुन्छ दर्शकको रुचीमा के भिन्नता पाउनु भयो ?**

अहिलेका दर्शक भनेका बलिउड, हलिउड जस्ता ठुलो बजेटमा निर्माण हुने चलचित्रबाट प्रभावित छन् । उहाँहरुले राम्रोसँग बुझ्नु भएको छ कलिउड कसरी अघि बढ्दैछ भन्ने कुरा । त्यसैले सबैलाई थाहा भएकै कुरा हो पछिल्लो समयमा रोमान्टिक, लभस्टोरी, एक्सन भन्दा हास्य चलचित्रको दबदबा रहेको अवस्थामा गैरहास्य कलाकारहरू समेत हास्य चलचित्र वा सिरियलमा आकर्षित भएका छन् । हास्य कलाकारलाई नै मुख्य नायक बनाएर निर्माण भएका चलचित्रहरू व्यावसायिक रुपमा सफल भएको उदाहरण छन् ।

**कसरी यो क्षेत्रमा लाग्नुभयो ?**

मनिसको जीवनमा एक समय यस्तो आउँदो रहेछ फिल्म नखेले पनि स्वयंलाई हिरो ठान्ने । ममा पनि त्यो अवस्था नआएको होइन । सिनेमा हेरेर हलबाट निस्कँदा आफुलाई त्यही फिल्मको हिरो सम्झन्थें । त्यो उमेरको माग पनि होला तर बास्तविक रुपमा फिल्म खेल्ने चाहना भने मनमा थिएन । फिल्मकर्मीहरुको संगतमा घुलमिल हुन पुगेपछि भने बिस्तारै अभिनयप्रति आकर्षित हुन पुगेको हुँ । यो क्षेत्र भनेको राम्रो काम देखाउन सकिएमा छोटो समयमा नै आमरुपमा पहिचान बनाउन सबै भन्दा सजिलो माध्यम भएकोले विभिन्न उतार चढाबका बावजुद पनि अहिले मेरो यो क्षेत्रमा अलग पहिचान बनिसकेको छ ।

**हास्य व्यंग्य कलाकारहरुको अवस्था कस्तो छ ?**

अन्य अभिनेता भन्दा हास्य अभिनय गर्ने अभिनेताहरुको आम्दानी र सामाजिक सम्मान नेपालमा अत्याधिक रहेको पाइन्छ । यो कुराको पुष्टि पनि भैसकेको छ । हास्य व्यंग्य हाम्रो सभ्यता पनि हो । कसैको व्यांग्यात्मक, कसैको सम्वेदनात्मक आफ्नो आफ्नो तरिकाको प्रस्तुति हुने समाज हो हाम्रो । गाउँमा हुने मेला, जात्रा पर्वहरुमा पनि विशेष गरी हास्य हाउभाउ प्रस्तुत गर्ने व्यक्ति सबैको प्रिय हुन्थ्यो । नेपालमा हास्य व्यंग्य अत्याधिक रुचाइने विषय हो । आफुसँग धैर्यता र क्षमता छ भने नाम, दाम सबै पक्षबाट राम्रो देख्छु म त ।

**तपाईं आर्थिकरुपले पनि सन्तुष्ट हुनुहुन्छ ?**

मैले माथि पनि उल्लेख गरिसकेको छु । हामी मोफसलबाट कलाकारिता गर्ने भएकोले कठिन छ भनेर । तर पनि आफुले मिहेनत गरे अनुसार आर्थिकरुपले म सन्तुष्ट छु । किन भने जति काम गर्न सक्यो त्यति पाउने न हो ।

**आजसम्म जे जति हुन सकेको छ त्यो निजि क्षेत्रको लगानी र पहलमा भैरहेको छ । यो क्षेत्रको विकासका लागि राज्य स्तरबाट के हुनुपर्छ जस्तो लाग्छ ?**

नेपाली चलचित्र क्षेत्रलाई राज्यले उद्योगको दर्जा दिए पनि व्यवहारमा लागू हुन सकिरहेको छैन । अरु व्यवसाय वा कलकारखाना चलाउन चाहने व्यवसायीलाई बैंकले ऋण दिने व्यवस्था गरे जस्तै चलचित्र बनाउने कम्पनी, निर्मातालाई पनि बैंकले ऋण दिने वातावरण बन्न सक्यो भने चलचित्र क्षेत्रले छलाङ मार्ने कुरामा दुविधा रहन्न । त्यसैले आगामी दिनमा यस विषयमा सम्बन्धित निकाय गम्भिर हुन जरुरी रहेको देख्छु म ।

**राज्यले किन लगानी गर्ने ?**

एउटा चलचित्र बन्दा यससँग जोडिएका हजारौंको घरमा चुलो बल्छ । चलचित्र क्षेत्रले हजारौं व्यक्तिलाई उसको सीप र क्षमता अनुसारको रोजगारी दिँदै आइरहेको छ । साथै राज्यलाई कर पनि तिर्दै आएको छ । त्यसैले यसको विकासका लागि सरकारले दीर्घकालीन सोच बनाउनु जरुरी छ । यसै क्षेत्रमा आफ्नो जीवन बिताएका कलाकार, प्राविधिकहरुको वृद्धा अवस्था निकै कठिन हुने गरेको छ । उपचार नपाएर छट्पटिनु पर्ने अवस्थाको अन्त्यको लागि पनि आर्थिक सहयोग वा अनुदानको व्यवस्था हुनु आवश्यक छ ।

---

## महेश बाबुलाई सुनील शेट्टीको जवाफ

काठमाडौं /एजेन्सी- भारतका दुई ठूला फिल्म इन्डस्ट्री बलिउड र साउथबीच यतिबेला भाषा विवाद चर्किएको छ । यसको सुरुवात साउथका किच्चा सुदीप र बलिउडका अजय देवगनले गरेका थिए । यसपछि हालै तेलुगु सुपरस्टार महेश बाबुले आफूलाई बलिउडले अफोर्ड गर्न नसक्ने र बलिउडमा काम गरेर समय बर्बाद गर्न नचाहने अभिव्यक्ति दिएपछि दुई इन्डस्ट्रीबीच वाकयुद्ध उत्कर्षमा पुगेको छ ।

यसैक्रममा, दुई इन्डस्ट्रीबीच चर्किएको विवादको विषयमा बलिउड सुपरस्टार सुनील शेट्टीले भनेका छन्, 'मैले पनि साउथ फिल्ममा काम गरेको छु, तर त्यसको कर्मभूमि मुम्बई हो । मलाई लाग्छ कि साउथ र बलिउडको विवाद सोसल मिडियाका कारण भएको हो । हामी सबै भारतीय हौं । यदी डिजिटल प्लेटफर्ममा फिल्म हेरिन्छ भने त्यहाँ भाषाले अर्थ राख्दैन, कन्टेन्ट महत्वपूर्ण हुन्छ ।'



उनले अगाडि भनेका छन्, 'हाम्रो समस्या के हो भने हामीले दर्शकलाई नै भुलिसकेका छौं । हामीले उत्कृष्ट कन्टेन्टमा काम गर्नुपर्ने हो । यद्यपि, फिल्म होस् वा ओटीटी, बाउ सधैं बाउ नै हुन्छ । बलिउड सधैं बलिउड हुनेछ । भारतलाई चिन्नेहरुले बलिउडका कलाकारहरुलाई पनि चिन्दछन् । यो एक यस्तो यात्रा हो, जसमा हामीले गम्भीर रुपमा सोच-विचार गरेर उत्कृष्ट कन्टेन्ट दिनुपर्छ ।'

महेश बाबुले निर्माण गरेको फिल्म 'मेजर'को ट्रेलर रिलिज कार्यक्रममा उनले बलिउड फिल्मबाट आफूलाई अफर आएको भए पनि बलिउडले आफूलाई अफोर्ड गर्न नसक्ने भएकाले समय बर्बाद गर्न नचाहेको बताएका थिए । यो अभिव्यक्ति विवादमा तानिएपछि महेशले स्पष्टिकरण दिँदै सबै भाषाप्रति आफ्नो सम्मान रहेको र आफूलाई साउथ फिल्ममा काम गर्न सहज लाग्ने बताएका छन् ।

## दीपकको कटाक्ष

काठमाडौं /मस- काठमाडौं महानगरपालिकाको मतगणना जारी छ । सबैको सर्वाधिक चासोको केन्द्र रहेको महानगरपालिकाको अहिलेसम्मको नतिजामा स्वतन्त्र उम्मेदवार बालेन शाह अगाडि छन् । उनलाई नेपाली कांग्रेसकी उम्मेदवार सिर्जना सिंह र नेकपा एमालेका उम्मेदवार केशव स्थापितले पछ्याइरहेका छन् ।

बालेनको अग्रतालाई लिएर सामाजिक संजालमा विभिन्न अनुमान लगाउन थालिएको छ । धेरैले महानगरपालिकाको मेयरमा बालेन शाह विजय हुने अनुमान गरेका छन् ।

यस्तैमा कलाकार दीपकराज गिरीले पनि महानगरपालिकाको अहिलेसम्मको मत परिणामलाई हेरेर बालेनले निर्वाचन जित्ने आँकलन गर्दै दुई ठुला दलमाथि कटाक्ष गरेका छन् । उनले लेखेका छन् ,' प्रारम्भिक मतपरिणाम हेर्दा काठमाडौं



आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
१ जेठ २०७९, आइतबार
15 May 2022, Sunday



**खाना पकाउने ग्याँसको अभाव**

*श्रीलंकाको कोलम्बोमा खाना पकाउने ग्यास उपलब्ध गराउन माग गर्दै प्रहरी चौकी बाहिर प्रदर्शनमा भाग लिँदै महिलाहरु । तस्बिर : एपी*

# स्थानीय तहको निर्वाचनसँगै बढ्यो पेट्रोलियम पदार्थको मूल्य



**काठमाडौं/मस** - सरकारले डिजेल, पेट्रोल र मट्टीतेलको ह्वात्तै बढाएको छ । वाणिज्य सचिव डा. गणेशप्रसाद पाण्डेय नेतृत्वको आयल निगम सञ्चालक समितिको बैठकले पेट्रोलियम पदार्थमा प्रतिलिटर १० रुपैयाँ मूल्य बढाउने निर्णय गरेको हो ।

जसअनुसार अब काठमाडौं उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर १७० रुपैयाँ पर्नेछ । त्यस्तै डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर १५३ रुपैयाँ पुगेको छ । हाललाई खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको मूल्य भने यथावत् राखिएको छ । निगम सञ्चालक समितिको बैठकले शनिबार रातिदेखि लागु हुनेगरी मूल्य बढाउने निर्णय गरेको नेपाल आयल निगमका प्रवक्ता विनितमणि उपाध्यायले बताए ।

स्थानीय तहको निर्वाचनलगत्तै सरकारले पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि गरेको हो । मूल्य समायोजनपश्चात पनि मासिक ८ करोड ५० लाख रुपैयाँ नोक्सानी रहेको निगमले जनाएको छ ।

# स्थानीय निर्वाचनसँगै बैंकिङ तरलतामा सहजताको अपेक्षा

## झण्डै ४५ अर्ब रुपैयाँ प्रणालीमा आउने सम्भावना

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ३१ वैशाख ।

हाल सञ्चालनमा रहेका २७ मध्ये १८ ओटा वाणिज्य बैंकको कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) अहिले पनि ९० प्रतिशतभन्दा माथि रहेको छ । बाँकी ९ वटा बैंकको सीडी रेसियो भने ९० प्रतिशतभन्दा कम रहेको छ । सीडी रेसियो मापदण्ड भन्दा माथि पुग्नुको कारण निक्षेपमा कमी भएको बैंकर्सहरुको भनाई छ । प्रयाप्त निक्षेपको अभावमा अहिले बैंकहरुले तरलता अभावको समस्या झेलिरहेका छन् । भर्खरै सम्पन्न भएको स्थानीय तहको निर्वाचनसँगै भने बैंकहरुले झेलिरहेको तरलता अभावको समस्या केही सहज हुने अनुमान गरिएको छ । स्थानीय तहको निर्वाचन प्रकृयामा मुलुकभित्र विभिन्न व्यक्ति तथा संस्थाहरुसँग भएको अनौपचारिक पुँजीको परिचालन हुने र उक्त पुँजी बैंकिङ प्रवाहमा आउने हुँदा बैंकिङ तरलता अभावमा सहजता हुने अनुमान गरिएको हो । निर्वाचन आयोगले पार्टी तथा उम्मेद्वारहरुलाई चुनावी खर्च बैंकिङ प्राणालीमार्फत गर्न निर्देशन दिएको छ । पार्टी तथा उम्मेदवारहरुले विशेषतः छपाई, खाना, खाजा, सवारी साधन, इन्धन, आदि लगायतका विषयहरु देशभरी नै ठुलो मात्रामा खर्च गर्ने गर्दछन् ।



७५३ स्थानीय तहमा नगरपालिका प्रमुख र उपप्रमुख, गाउँपालिका अध्यक्ष र उपाध्यक्ष, वडाध्यक्ष र वडासदस्य गरी ३५ हजार २१२ पदका लागि एक लाख ४५ हजार १५ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । निर्वाचनमा उठेका उम्मेद्वारहरुले आयोगले तोकेको सीमाभित्रको रकम खर्च गर्दा यो चुनावमा उम्मेदवारबाट मात्रै २९ अर्ब ५० करोड ७८ लाख रुपैयाँ खर्च हुन्छ । यही निर्वाचनका लागि सरकारले निर्वाचन आयोग र अन्य निकायहरुमार्फत करिब १६ अर्ब रुपैयाँ खर्च गर्नेछ । अर्थ मन्त्रालयका अनुसार निर्वाचन आयोग, गृह मन्त्रालय र रक्षा मन्त्रालयका लागि १६ अर्ब रुपैयाँ बराबरको स्रोत सुनिश्चितता र निकासा भएको छ । यसरी सरकारी निकाय र उम्मेदवारको तर्फबाट हुने वैधानिक खर्च ४५ अर्ब रुपैयाँ नाघ्ने देखिन्छ । जसमा पर्यवेक्षकका रुपमा गैरसरकारी संस्था र अन्य निकायले चुनाव लक्षित गरेर गर्ने खर्च भने अनुमान गरिएको छैन् । आयोगले राजनीतिक दल र उम्मेदवारहरुलाई खर्च प्रणाली सम्बन्धी दिएको निर्देशनपश्चात पनि उनिहरुले धेरै खर्च अनौपचारिक रुपमा गर्दछन् । तर खर्चको ठुलो हिस्सा यो वा त्यो ढंगले बैंकिङ प्रणालीमा आउने भएकाले निर्वाचन पश्चात बैंकिङ तरलतामा सहजता हुने अपेक्षा गरिएको हो ।

बैशाख महिनाको तेस्रो र चौथो साता बैंकिङ प्राणालीमा ६ अर्ब भन्दा धेरै रकम निक्षेप भएको छ भने झण्डै ९ अर्ब कर्जास्वरुप बैंकिङ प्रणालीमार्फत बाहिरिएको छ । चुनावको बेलामा बैंकिङ प्रणालीबाट झण्डै २० अर्ब बाहिरिने अनुमान गरिएकोमा थोरै बाहिरिएको हो । अहिले वाणिज्य बैंकहरुले ६४ खर्ब ११ अर्ब ८ करोड ३३ लाख रुपैयाँ स्थायी तरलता सुविधा (एसएलएफ) लिएका छन् । बैंकहरुले साउनदेखि वैशाख १९ गतेसम्म उक्त रकम नेपाल राष्ट्र बैंकबाट अल्पकालीन सापटी स्वरुप लिएका हुन् । बैंकहरूले सरकारी ऋणपत्रमा गरेको लगानीको बढीमा ९० प्रतिशतसम्म एसएलएफ सुविधा लिन सक्छन् । बैंकले ७ दिन अवधिका लागि ७ प्रतिशत ब्याजदरमा उक्त रकम लिएका हुन्छन् । निर्वाचनसँगै बैंकहरुमा निक्षेप बढेमा केन्द्रीय बैंकमार्फत लिने छोटो समयका लागि विभिन्न शिर्षकमा लिने सुविधा कटौती हुने अनुमान गरिएको छ ।

# नागढुंगा–नौबिसे सुरुङमार्गको प्रगति ५१ प्रतिशत

**काठमाडौं/मस** – निर्माणाधीन नागढुंगा-नौबिसे सुरुङमार्ग आयोजनाको ५०.९० प्रतिशत काम सकिएको छ । मुख्य सुरुङ र सहायक सुरुङ (इभाकुएसन) गरी २७९६ मिटर सुरुङ खन्ने काम पूरा भएको नागढुंगा टनेल निर्माण आयोजनाले जनाएको छ । काठमाडौंतर्फ मुख्य सुरुङ ६०१ मिटर र सहायक ८२८ मिटर पूरा भएको आयोजनाले जनाएको छ । धादिङतर्फ ६०३ मिटर मुख्य र ५९१ मिटर इभाकुएसन टनेल पूरा भएको छ । धादिङतर्फ १२६ मिटर अडिट टनेल पूरा भएको छ भने ४४ मिटर क्रस प्यासेज निर्माण भएको आयोजना निर्देशक नरेशमान शाक्यले प्रगति रिपोर्टमा जनाएका छन् ।



इभाकुएसन टनेल आपतकालीन अवस्थामा प्रयोगका लागि मुख्य सुरुङमार्गसँगै समानान्तर हुनेगरी बनाइने सुरुङ हो । यसरी समानान्तर हुनेगरी खनिने स्केप टनेललाई प्रत्येक ३७५ मिटरमा सहायक बाटो (क्रस प्यासेज) ले मुख्य सुरुङसँग जोड्छ । आयोजनाका अनुसार अहिले टनेलको भित्रका कामलाई मुख्य प्राथमिकता दिएर धमाधम अघि बढाइएको छ । साथै मूख्य सुरुङको काम फिनिसिङ भइरहेको छ। दुवैतिर गरि करिब ६ सय जनाले काम गरिरहेका छन् । सुरुङमार्ग बाहिर एप्रोच सडक निर्माणको काम भइरहेको छ । काठमाडौंतिर ओभर पास निर्माण सकिएको छ। बलम्बुमा फ्लाइओभर निर्माणको तयारी थालिएको छ । मूआब्जा वितरण कार्य लगभग अन्तिम चरणमा पुगेको आयोजनाले जनाएको छ ।

४४ महिनामा यो आयोजना पूरा गर्ने गरी २०७६ कात्तिकबाट काम सुरु भएको थियो । जसको आधा अवधि (२९ महिना) बितेको छ । काम सुरु गरेको हिसाबले आधा अवधि भन्दा धेरै समय सकिएको छ । प्रगतिको हिसाबले भौतिक प्रगति आधा जति भएको छ । मुआब्जा विवाद, स्थानीयको अवरोध, कोभिड लगायतका कारण काममा केही ढिलाइ भएको आयोजनाले जनाएको छ । नेपालमै पहिलोपटक निर्माण भइरहेको यो आधुनिक सडक सुरुङमार्ग २.७ किलोमिटरको हुनेछ । काठमाडौतिरको पोर्टल चन्द्रागिरि नगरपालिका-१ स्थित टुटीपाखामा रहनेछ भने धादिङतिरको पोर्टल धुनिबेंसी नगरपालिकाको सिस्नेखोलामा हुनेछ । जापान सरकारको करिब १६ अर्ब रुपैयाँ सहुलियत ऋण र नेपाल सरकारको ६ अर्ब गरी २२ अर्ब रुपैयाँमा लागत रहने अनुमानसहित यो सुरुङमार्ग निर्माण भइरहेको हो । निर्माणको जिम्मा जापानी कम्पनी हाज्मा आन्दो कर्पोरेशनले पाएको छ । सुरुङमार्ग निर्माणमा जापानी प्राविधिकसँगै नेपाली पनि खटिएका छन् ।

# भारतले गहुँ निर्यातमा लगायो प्रतिबन्ध



**काठमाडौं/मस** - मूल्यवृद्धि उच्च भएपछि भारत सरकारले गहुँ निर्यातमा रोक लगाएको छ । भारतमा उपभोक्ता मुद्रास्फिती बढेर ७.७९ प्रतिशत पुगेपछि सरकारले गहुँ निर्यातमा अल्पकालीन रोक लगाएको हो । भारत सरकारले मुलुकभित्र बढ्दो खाद्य सुरक्षा र महँगीलाई ध्यानमा राख्दै निर्यातमा रोक लगाउने निर्णय गरेको विज्ञप्तिमार्फत् प्रष्ट पारेको छ । पछिल्लो समय विभिन्न देशमा रुस र युक्रेनबीचको युद्धका कारण विभिन्न वस्तुको मूल्य बढेको छ ।

हालसालै सार्वजनिक तथ्यांकका अनुसार भारतमा इन्धन र खाद्यान्नको उच्च मूल्यका कारण अप्रिलमा उपभोक्ता मुद्रास्फीति ८ वर्षकै उच्चमा पुगेको देखाएको छ । विश्वव्यापी रुपमा उच्च मागका कारण, २०२१-२२ मा भारतको गहुँको निर्यात बढेर ७० लाख टन वा २.०५ बिलियन अमेरिकी डलर पुगेको छ । तथ्यांक अनुसार गत आर्थिक वर्षमा कुल गहुँ निकासीमध्ये करिब ५० प्रतिशत बंगलादेश पठाइएको थियो । गत वर्षको सोही अवधिमा १ लाख ३० हजार टन गहुँ निकासी गरेकोमा यो वर्ष करिब ९ लाख ६३ हजार टन गहुँ निर्यात भएको देखिएको छ ।

भारतले गहुँमा रोक लगाएपछि नेपाललाई केही असर पर्ने देखिएको छ । उसो त अहिले नेपाल पनि उच्च व्यापार घाटा, विदेशी मुद्रा सञ्चितिको कमि र मूल्यवृद्धिको कारण अर्थतन्त्र समस्यामा छ । तर, नेपालमा भारतबाट खाद्यान्न वस्तु उच्च आयात हुन्छ । नेपाल कृषि प्रधान देश भने पनि नेपाल भारतको भरमा छ । भारतले गहुँमा रोक लगाएसँगै नेपालको विदेशी मुद्रा सञ्चितिमा केही सुधार आएपनि खाद्यान्नको अभाव भने देखिन सक्छ । आर्थिक वर्ष ०७८/७९ मा जिडिपीमा कृषिको योगदान २३ दशमलव ९५ प्रतिशत रहेको छ । यस वर्ष हिउँदे बालीमा गहुँ, धान, मकै जस्ता प्रमुख खाद्यान्न बालीको उत्पादनमा गिरावट आएको सरकारी तथ्यांकहरूले देखाएको छ । यस कारण पनि भारतको यो निर्णय नेपालका लागि समस्या हुन सक्छ । भन्सार विभागका अनुसार नेपालले वर्षेनी ५० अर्ब बराबरको खाद्यान्न आयात गर्छ । यसमा गहुँ मात्रै करिब १० अर्ब रूपैयाँको आयात हुन्छ ।

# होण्डाको बिक्रेता स्याकरको बिजनेश ४७ प्रतिशतले बढ्यो

**काठमाडौं/मस** - कोरोना महामारीका कारण लागू लकडाउनपछि दुई पांग्रे सवारी साधनको व्यवसाय उच्च रुपमा बढेको छ । खासगरी सार्वजनिक यातायातमा यात्रा गर्दा कोरोना संक्रमणको उच्च जोखिम हुने सम्भावना भएपछि दुई पांग्रे सवारी साधनको व्यापार बढेको थियो । यसैबीच दुई पांग्रे सवारी साधन होण्डाको आधिकारिक बिक्रेता स्याकर कम्पनीको व्यवसाय ४७ प्रतिशतले बढेको छ । कम्पनीका अनुसार सन् २०२२ को ६ महिनामा कम्पनीको व्यवसाय ४७ प्रतिशतले बढेको हो । कम्पनीले सन् २०२१ मा १३ अर्ब ४२ करोड ९० लाख रुपैयाँको व्यापार गरेको थियो । जुन सन् २०२० को तुलनामा १७ प्रतिशतले बढी हो । कम्पनीले सन् २०२० मा ११ अर्ब ४६ करोड ७० लाख रुपैयाँको व्यापार गरेको थियो ।

त्यसैगरी कम्पनीले सन् २०१९ मा १४ अर्ब १८ करोड ८० लाख रुपैयाँ र सन् २०१८ मा १३ अर्ब ९७ करोड ४० लाख रुपैयाँको व्यापार गरेको थियो । कम्पनीले दुई पांग्रे सवारी साधनमा उच्च प्रतिष्पर्धा रहेको उल्लेख गरेको छ । कम्पनीले बजाज, यामाहा र टिभिएसका साथै नयाँ आएका ब्राण्डसँग चर्को प्रतिस्पर्धा हुँदा पनि २९ प्रतिशत बजार हिस्सा आगेटेको बताएको छ । कम्पनीको कुल आम्दानीमा सबैभन्दा धेरै हिस्सा डियो स्कुटरको रहेको छ । पछिल्लो ४ वर्षमा डियो बिक्रीबाट हुने आम्दानी कुल हिस्साको ३४ प्रतिशत छ ।

सरकारले हालै २५० सीसी क्षमताभन्दा माथिमा दुई पांग्रे सवारी साधनको आयात रोक्ने निर्णयको असर कम्पनीको व्यवसायमा सामान्य पर्ने देखिएको छ । कम्पनीका अनुसार २५० सीसी क्षमताभन्दा बढीका मोटरबाइकको हिस्सा ७ प्रतिशत छ । कम्पनीको सन् २०२१ को आम्दानीमा दुई पांग्रे सवारी साधनको हिस्सा ९२ प्रतिशत, स्पेयर र सर्भिसबाट ७ प्रतिशत र बाँकी प्यासेञ्जर भेहिकल र पावर प्रडक्टको बिक्रीबाट प्राप्त भएको छ । कम्पनीले हालै ९ अबए ९० लाख रुपैयाँ ऋणका लागि रेटिङ गराएको छ ।

**चट्याङबाट बचौं र बचाऔं ।**

चट्याङबाट बच्न,
- घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा र्‍याफ्टिङजस्ता क्रियाकलाप नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,

घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरु जस्तै टीभी, कम्प्यूटर, फ्रिज,
- वासिङ मेसिन नजिक नबस्ने र प्रयोग नगर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाइन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ